# परिच्छेद एक
# शोध परिचय

बालन नेपाली लोकसाहित्यको श्रव्य र दृश्य विधामा पर्ने अत्यन्त लोकप्रिय पौराणिक लोकनाटक हो ।बालनलाई बालुन पनि भनेको पाइन्छ ।बालन र बालुन दुवै शब्द नेपाली भाषामा प्रचलित शब्द हुन् ।'बाल' शब्दमा 'अन्' प्रत्यय लागेर 'बालन' शब्द बनेको हुन्छ ।हिन्दुधर्मका प्रमुख ग्रन्थ महाभारत, रामायण, श्रीमद्भागवत आदिलाई मुख्य आधार बनाएर धार्मिक व्रत, पर्व सँस्कार आदि कार्य सम्पादन गर्न मनोरञ्जन र उपदेशका लागि लोकनाटकको प्राचीन कालदेखि नै प्रयोग हुदै आएको पाइन्छ ।लोकनाटकअन्तर्गत पर्ने बालन नेपाली समाजमा निकै चर्चित र लोकप्रिय छ ।

गण्डकी अञ्चलको तनहुँ जिल्लाको किहुँ क्षेत्रमा बालनको संरक्षण र संवर्द्धन गर्ने हेतुले श्रीमद्भागवत महापुराण अन्तर्गत श्रीकृष्ण चरित्रलाई नाटकीय रूपमा प्रदर्शन भइ रहेको छ ।त्यहाँ एउटा बालन समूह छ ।यति भएर पनि यसको सङ्कलन अध्ययन र अनुसन्धानको अभावले प्रचार प्रसार हुन सकेको छैन ।त्यसैले यसको अध्ययन अनुसन्धान गर्नु वाञ्छनीय हुनेछ ।

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **किहुँमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्र (५१०-१) पूरा गर्ने प्रयोजनका निम्ति यो अनुसन्धान कार्य केन्द्रित छ ।

## १.३ समस्याकथन

प्रस्तुत शोधकार्यको शोध समस्या किहुँ क्षेत्रमा खेलिने वा नाचिने कृष्णचरित्रमा आधारित बालनको जानकारी प्राय नगन्य रूपमा रहेको छ ।उक्त बालनको उचित अध्ययन

गरी सर्व परिचित तुल्याउन विविध समस्याहरू छन् ।तिनै समस्या नै यस शोधपत्रको प्रमुख समस्या रहेको छ ?

१. लोकसाहित्यका सैद्धान्तिक मान्यता के-कस्ता रहेका छन् ?

२. लोकसाहित्यमा लोकनाटकको स्थिति कस्तो छ ?

३. बालन भनेको के हो ? परिचय र सिद्धान्तगत समस्या के छन् ?

४. किहुँमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको मूलकथा कस्तो छ ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य तनहुँ जिल्लाको किहुँ क्षेत्रमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको तर्कसङ्गत र तथ्यपूर्ण अध्ययन गरी त्यसको विश्लेषण गर्नु रहेको छ ।यसका लागि शोध समस्याका रुपमा उल्लिखित समस्याहरूको समाधान गर्ने प्रयास गरिएको छ ।यस शोधकार्यको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नेपाली लोकसाहित्यको मान्यतालाई स्थापित गर्नु,

ख) लोकसाहित्य अन्तर्गत लोकनाटकको अवस्था निरूपण गर्नु,

ग) नेपाली बालनको सैद्धान्तिक तथा विकासक्रमको सन्दर्भ केलाउनु,

घ) किहुँमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्य नेपाली लिखित साहित्य भन्दा पनि धेरै पुरानो भएकाले यसको विषयमा चर्चा र टिप्पणी गर्ने काम धेरै पहिलेदेखि भएको पाइन्छ ।तर लोकसाहित्यलाई बौद्धिक रूपबाट अध्ययन गर्ने, यसका विधाहरूबारे चर्चा परिचर्चा गर्ने काम धेरै पछि भएको हो ।लोकसाहित्यका विविध विधामध्ये लोकनाटक एक प्रमुख विधा हो ।

लोकनाटक बालनको प्रयोग प्रस्तुति र प्रदर्शन धेरै पहिलेदेखि हुदै आएको भएपनि यसको खोज, अध्ययन अनुसन्धान भने धेरै पछि मात्र भएको पाइन्छ ।

) धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचना (२०४१) मा रामलीला बालन र कृष्णलीला बालनका बारेमा चर्चा गरेका छन् ।यी दुवै बालन

खास गरी कास्की जिल्लामा प्रचलित बालनका आधारमा कलाकार, भेषभूषा, त्यहाँको प्रदर्शन शैलीको चर्चा गरेका छन् ।

- सुवि शाहले 'बालन गाथाको झलक' (२०४५) मा बालन नाटकको सामान्य झलक र भजन तथा गीतहरूको चर्चा गरेका छन् ।
- चन्द्रकान्त अधिकारीले आफ्नो कृति बालनगीत (२०५५) मा बालन लोकनाटकको मञ्चन गर्दा गाइने बालनगीत र बालनभजनको केही अंश उल्लेख वा सङ्कलन गरेका छन् ।
- कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको आलोक (२०५७) मा बालन शब्दको व्युत्पत्ति गरी परिचय र परिभाषा दिएका छन् ।
- ईश्वरी सुवेदीले नेपाली लोकसँस्कृतिको इतिहासमा बालन लोकनाटक (शोधपत्र २०५९ पृ.ना.क्या.पोखरा) मा कास्की जिल्लामा प्रदर्शन हुने वा भएका रामलीलाको बालन र कृष्णलीलाको बालनको अध्ययन, अनुसन्धान र सङ्कलन गरेका छन् ।
- दयाराम भट्टराइले पूर्वी पाल्पाको बालनको एक झलक (शहिद बहुमुखी क्याम्पसको वार्षिक मुखपत्र २०५९ मा प्रकाशित) लेखमा पूर्वी पाल्पामा प्रदर्शन गरिने बालनका वारेमा केही चिनारी र बालनगीतका केही झलक दिएर दशावतार बालनको चर्चा गरेका छन् ।
- गोविन्दशरण उपाध्यायले नेपाली लोकनाटक बालनको अध्ययन (शोध पत्र २०६१ पृ.ना.क्या. पोखरा) मा कालीगण्डकी भेगका बालनहरूको चर्चा परिचर्चा गरेका छन् ।

लोकनाटक बालनको विभिन्न विद्वानहरूबाट खोज अनुसन्धान भएता पनि किहुँ क्षेत्रमा प्रदर्शन गर्दै आइएको कृष्णचरित्रमा आधारित बालनको विशेष अध्ययन भने कोही कसैबाट पनि भएको देखिँदैन ।तसर्थ यस शोधपत्रमा विशेषः किहुँ क्षेत्रमा प्रचलनमा रहेको कृष्णचरित्रमा आधारित बालनको सङ्कलन गरी अध्ययन र विश्लेषण गरिएको छ ।

## १.६ शोधको औचित्य

वर्तमान समयमा अहिलेको युवा पुस्तामा बालन सम्बन्धी ज्ञान पाइदैन तसर्थ हाम्रा अग्रज पूर्खाहरूले आर्जेको हाम्रो सँस्कृतिलाई जगेर्ना गरी आगामी पुस्ताहरसम्म रहिरहने

बनाउनको लागि बालनको सम्वन्धमा खोज अनुसन्धान गर्न आवश्यक देखिन्छ ।किहुँमा प्रचलित बालनलाई अझ सरल र सरस बनाइ यसको महत्त्व दशाई जनमानसप्रति जानकार बनाउन आवश्यक छ ।मौखिक रूपमा रहेका तथा लोप हुन लागेका यस क्षेत्रका बालनलाई लिपिवद्ध गरेर स्थायित्व दिनु प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

## १.७ शोध कार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको क्षेत्र तनहुँ जिल्लाको किहुँ भएकाले बालनको सैद्धान्तिक पक्षको अध्ययन गर्दै नेपालको सबै क्षेत्रमा खेलिने बालनको अध्ययन नगरी केवल किहुँ क्षेत्रभित्र प्रचलित कृष्णचरित्रमा आधारित बालनको अध्ययन र विश्लेषण गर्नु रहेको छ ।त्यस क्षेत्र बाहेक अन्य क्षेत्रका बालन यसको सीमा रहेको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्य किहुँ क्षेत्रमा कृष्ण चरित्रमा आधारित बालनको अध्ययन विश्लेषण र निष्कर्ष स्थापनामा केन्द्रित रहने हुदाँ मुख्यत निगमनात्मक शोधविधिमा आधारित रहेको छ। यसमा सामग्री सङ्कलन पूर्णतः क्षेत्रकार्य विधिबाट र अंशतः पुस्तकालय विधिबाट गरिएको छ ।

### १.८.१ सामाग्री सङ्कलन विधि

नेपाली लोकनाटक बालन मौखिक रूपमा नै बाँचिरहेको सम्बन्धित क्षेत्र किहुँमा गई बालन प्रदर्शन भैरहेको अवलोकन गरी तथा सम्वन्धित बालन समूहका कलाकारहरसँग भेटी सामाग्री सङ्कलन गरिएको छ ।गीतका लागि कतै मोबाइलमा रेकर्ड गरिएको छ भने कतै बालन गुरुसँग प्राप्त भएका हस्तलिखित सामाग्रीको सहयोग लिइएको छ ।बालनगीतको महत्त्वपूर्ण पक्ष लय वा भाकालाई लेख्य रूपमा अङ्कन गर्न नसकिए तापनि भाषिक उच्चारण चाहि जस्ताको तस्तै टिप्ने प्रयास गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुगठित, कसिलो र व्यवस्थित बनाउनका लागि निम्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : लोकसाहित्य अन्तर्गत लोकनाटकको सैद्धान्तिक परिचय

परिच्छेद तीन : बालनको सैद्धान्तिक परिचय

परिच्छेद चार : किहुँ क्षेत्रमा कृष्णचरित्रमा आधारित बालनको अध्ययन

परिच्छेद पाँच : उपसंहार/निष्कर्ष

सन्दर्भ सूची

अनुसूचीहरू

# परिच्छेद दुई

# लोकसाहित्यकोसैद्धान्तिकपरिचय

## २.१ लोकसाहित्यको परिचय

लोकसाहित्य शब्द 'लोक' र 'साहित्य' दुईशब्दकोसंयोजनबाटनिर्माणहुन्छ ।लोक् दर्शने धातुमा (घञ्) प्रत्यय लागेरलोक शब्दको निर्माण भएको हो ।लोक शब्दनेपाली भाषामा अति नै प्रचलित र पुरानोशब्द हो, शिक्षित तथा अशिक्षत, धनी तथागरीबसबै वर्गले लोक शब्दको प्रयोगगरेको पाइन्छ ।लोकशब्दको प्रयोग मुख्यदुईअर्थमागरिएको पाइन्छ, ती निम्नानुसार छन्

१. लोक : 'ठाउँ' जस्तैमृत्युलोक पृथ्वीलोक, स्वर्गलोक मर्त्यलोक, परलोक, सत्यलोक आदि ।

२. लोक : 'जन'जस्तैलोकधर्म, लोककला, लोकतन्त्र लोककल्याणलोकविश्वास आदि ।

नेपाली साहित्यमा लोकशब्दकोअर्थ दुईप्रकारको पाइन्छ ।

१.जनताका रूपमा

२. ठाउँकारूपमा

जनताका रूपमा सामान्य जनता र ठाउँका रूपमा इहलोक,परलोक, मर्त्यलोक शब्द प्रचलित छन् (बन्धु, २०५८:१३) पूर्वीय धार्मिक ग्रन्थ ऋग्वेदमा पनि लोक शब्दको प्रयोग पाइन्छ ।साहित्य शब्द'हितेन सहितम् सहितस्य भाव : कर्मवा' भन्ने अर्थमा सहित+य (ष्यञ्) को संयोजनबाट निर्माण भएको हो ।हितले युक्त विचारतथाकलात्मक वाणी, मेलमिलाप, सहयोगिपन, साहचर्य आदि भावले युक्त आलङ्कारिक रचनालाईसाहित्य भनिन्छ ।

लोक शब्दलाई अङ्ग्रेजी भाषाको फोक (folk)शब्दले चिनिन्छ ।फोक(folk)को उत्पत्तिएङ्गलोसेक्सन फोक (folk)बाट भएकोहो ।फोक(folk) र लोर (Lore) मिलेर(folk Lore)शब्दकोनिर्माण हुन्छ, जसलाईलोकसाहित्यको समानार्थी शब्दको रूपमा प्रयोगगरिएको छ ।तरलोर(Lore) को सामानार्थी शब्द साहित्य होइन ।फोकलोर(folk Lore)अन्तर्गतलोकसाहित्य, लोकगीत, लोकगाथा, लोकनाटकलोकसाहित्य, लोककाव्य उखानटुक्का मात्र नभई लोकव्यवहार, लोकरीति, लोकधर्म, लोककलासमेतपर्ने भएकालेफोकलोर (folk Lore) कोसमानार्थीशब्दलोकसाहित्य हुनसक्दैन र लोकसाहित्य चाहिलोकवार्ताको एउटा शाखा हो तसर्थ लोकसाहित्यशब्द अंग्रेजी भाषाकोफोकलिट्रेचर कोसमानार्थी शब्द हो । यसरीपूर्वीय साहित्यमाजुनअर्थमा लोकसाहित्यलाईलिइएकोछत्यही

अर्थमा पश्चिमासाहित्यमाफोक लिट्रेचर (Folk Literature)शब्द प्रचलनमा रहेकोपाइन्छ(बन्धु, २०५८ : १३) ।

यसरी मानव जगतकासुखदु:खकोप्रत्येक पाटोछोएको लोकसाहित्यनैसिर्जना भएका अभिव्यक्तिहरूलाई नैलोकसाहित्य भनिन्छ ।लोकसाहित्यलोक समाजमै उत्पत्ति भएर अनादिकालदेखि नैश्रुतिपरम्परामा हुर्किएकोसाहित्य हो ।श्रुतिपरम्पराभन्नाले समाजको एक पुस्तादेखि अर्को पुस्तामा अनुभवहरूबाटखारिँदै क्रमश: भनिँदै रसुनिँदैआउने प्रचलनलाई वुझ्नुपर्ने हुन्छ ।अत : लोकसाहित्य लोकपरम्पराबाट प्राप्त साहित्य हो ।

## २.२लोकसाहित्यको परिभाषा

लोक समाजमै जन्मिएर, हुर्किएको लोकसाहित्यले व्यापक विस्तृत र गरिमामय स्थान ओगटेको छ ।पूर्वीय तथा पाश्चात्यविद्वान्हरूले लोकसाहित्यलाईआ-आफ्नै ढङ्गले परिभाषित गरेकाछन् ।तीकेहीपरिभाषाहरूलाई निम्नानुसार प्रस्तुतगरिएकोछ ।

- लोकव्यवहारमा लोकहितका निम्ति, लोकभाषामालोक विचारलाईलोकसाहित्यभनिन्छ (निबन्धमाला)- योगी नरहरिनाथ
- लोकसाहित्य लोकको आत्मजीवनी हो- फ्रयान्ज बोआस
- सही अर्थमा लोकसाहित्य लोकजीवन तथा संस्कृतिको प्रतिविम्वमात्र नभएर संवाहक पनि हो- तुलसी दिवस

एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमैसुरक्षित हुनेसाहित्य नैलोकसाहित्यहो - के मोर्नर आर. एस.

- लोकले सजिलै बुझ्न रअनुभव गर्न सक्ने भाषा रभावनामा निर्मित मानवमुटुको स्पन्दनबाटनिस्केकोमीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।- धर्मराज थापा र हंसपुरे सुवेदी
- सर्वसाधारण लोकका वौद्धिक प्रयत्नहरूबाट निष्पन्न लोक अभिव्यक्ति लोकसाहित्य हो ।-डडमोन्सन
- भावुक र कल्पनाशील व्यक्तिहरूको द्रवीभूत यथार्थ व्यञ्जना नै लोकसाहित्यको पहिचान हो ।-डा. कृष्णदेव उपाध्याय
- लोकसाहित्य समाजको दर्पण तथा जनताको हृदयको उद्गार हो ।

-डा.कृष्णदेव उपाध्याय

उपर्युक्त परिभाषाहरूलाई कैलाउंदा लामो इतिहास र परम्परा बोकेको श्रुतिपरम्पराबाट एकपुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित, लोक समुदायको सुख दुख हर्ष - विस्मात् जस्ता मनोभावहरूलाई स्वतस्फूर्त रूपमा प्रस्तुत गरी मनोरञ्जन, उपदेश रसन्देश प्रदान गर्ने संवेदनायुक्त साहित्य नै लोकसाहित्य हो ।

## २.३ लोकसाहित्यको विशेषता

लोकसाहित्य आफ्नो छुटै विशेषता बोकेको साहित्य हो ।लोकसाहित्यका विशेषताहरूलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले प्रस्तुत गरेका छन् केही निम्नानुसार छन् :-चुडामणि बन्धुका अनुसार :(बन्धु :२०५८:३२, ३३)

१.सामुदायिकता

२.पारम्परिकता

३.मौखिकता

४.गतिशीलता

-कृष्ण प्रसाद आचार्यका अनुसार :(आचार्य, २०६३:३११-१५)

१.अलिखित साहित्य

२.लोकज्ञानको प्रवलता

३.सरलता र सरसता

४.सामूहिकता

५.सामाजिक यथार्थता

६.मनोरञ्जकता

७.गतिशीलता र लोकप्रियता

८.काल्पनिकता

-प्रा. मोहनराज शर्मा र डा.खगेन्द्रप्रसाद लुँइटेलका अनुसारः

१.लोकज्ञानको प्रधानता

२.सामूहिक सिर्जना

३.परम्पराको अनुशरण

४.मौखिक प्रकारता

५.निरन्तर गतिशीलता

६.लोकप्रियता

-हंसपुरे सुवेदी र धर्मराज थापाका अनुसारः

१.रचयिता अज्ञात पाइनु ।

२.लिखित नभई परम्परा श्रुतिमा आश्रित पाइनु ।

३.सहज जनउद्गार, अभ्यासिक र अलङ्कृत शैली प्रायः नपाइनु ।

४.लोक संस्कृति र ऐतिहासिकताको सम्वाहक हुनु ।

५.नीति जस्तो कोरा औपदेशिकता नहुनु ।

माथिका विशेषताहरूलाई केलाउँदा लोकसाहित्यको विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## १. गतिशीलता

गतिशील हुनु लोकसाहित्यको विशेषता हो । कुनै पनि रूप सधैं जस्ताको त्यस्तै रहँदैन ।त्यो स्थान र समयअनुसार परिवर्तित भइरहन्छ ।"यसको मूल स्वरूपमा खासै परिवर्तन नभए पनि समसामयिक प्रभावको समावेश भइरहने हुँदा पनि समसामयिक रूपान्तरणको प्रक्रिया चलिरहन्छ ।यसरी कालक्रमिक ढङ्गमा निरन्तर परिमार्जन र संशोधन भइरहने हुँदा यसलाई जीवन्त तथा गतिशील संरचना भनिन्छ" (शर्मा र अन्य, २०६३:१९) । सबै ठाउँको कथा, भाषाशैली, कथनपद्धति र सन्देश एकैनासको नहुनु, वक्ता, श्रोता, उमेर, लिङ्ग, क्षमता, रुचि आदिका आधारमा केही फरकपन भएपनि श्रोतालाई उस्तै लाग्नु जस्ता लचिलो र गतिशीलपना लोकसाहित्यमा देखापर्छ ।

## २. मौखिकता

यो मौखिक तथा श्रुतिपरम्पमा सरल तथा सहज रूपले फैलेको हुनाले यसलाई अलिखित साहित्य भनिन्छ ।अलिखित भएपनि यसले नयाँ सृजनाको प्रतिपादन गर्दछ र मौखिक श्रव्यकै आधारमा पुस्तौं पुस्तासम्म जीवित रहन्छ ।अलिखित नै भएपनि शिक्षित अशिक्षित सम्पूर्णको लोकजीवनमा समाहित छ ।तसर्थ मौखिक परम्परामा जीवित रही अलिखित अवस्थामा हुर्कनु लोकसाहित्यको मुख्य विशेषता हो ।

### ३. पारम्परिकता

लोकसाहित्य अनादिकालदेखि नै श्रुतिपरम्परमा हुर्केको साहित्य हो ।यसमा निरन्तर परिवर्तन भैरहेतापनि यसको प्रवाह अविच्छिन्न रहन्छ र यसले आफ्नो परम्पराको निर्माण गरेको हुन्छ ।परम्परित रूपमा लोकरञ्जनका निम्ति आफ्नै ढङ्गले परिवर्तित र परिवर्द्धित हुँदै बढ्ने हुनाले पनि यसलाई परम्परागत साहित्यका रूपमा स्वीकारिएको हो ।

### ४. सामूहिकता

लोकसाहित्यलाई समुदायले नै सामूहिकरूपमा हुर्काउने भएकाले उसको व्यक्तिको निजत्व भाव रहँदैन ।लोकसाहित्य कुनै व्यक्ति विशेषको पेवा नभई समुदायकै साझा सम्पत्तिका रूपमा रहँदै सामूहिक रचनाधर्मितासँग सामूहिक उपभोग पनि यसको महत्त्वपूर्ण पक्ष हो ।

माथिका प्रमुख विशेषता लगायत, मनोरञ्जन ऐतिहासिकता, मौलिकता, हार्दिकता, प्रभावकारिता, वोधगम्यता, व्यापकता, काल्पनिकता आदि पनि लोकसाहित्यका विशेषता अन्तर्गत पर्दछन् ।लोकसाहित्य कसैको प्रभावबाट नभई आफ्नो स्रोतबाट स्वतः हुने हुँदा यो मौलिक हुन्छ ।लोकसाहित्य जीवन भोगाइको अनुभुतिहरूबाट मुटुका स्पन्दनसहित अन्त्यन्त हार्दिकतामा पाइने हुँदा बालक, युवा, वृद्ध, धनी, गरिब सबैमा उत्तिकै प्रभाव पार्ने सरल सहज भाषा शैलीका कारण बोधगम्य हुन्छ ।यसको व्यवहार सम्पूर्ण समुदायले गर्ने हुँदा यो व्यापक हुन्छ ।

## २.४ लोकसाहित्यको प्रयोजन तथा महत्त्व

कुनै कृति किन रचिएको हो भन्ने तथ्यले प्रयोजनलाई जनाउँछ ।कुनैपनि बस्तु, विषय, कृति, निश्चित उद्देश्य राखेर निर्माण तथा रचना गरिन्छ ।यस अर्थमा प्रयोजन भनेको उद्देश्य हो त्यही उद्देश्य परिपूर्तिको आकांक्षाले प्रकट हुने तथ्य पक्षलाई नै हामी प्रयोजन भन्न सक्दछौं ।शिष्ट साहित्य झैं लोकसाहित्यको सिर्जना पनि बिना उद्देश्य अथवा प्रयोजनरहित ढङ्गमा गरिँदैन ।प्रयोजनले कृतिको सार्थकता सिद्ध गर्ने हुँदा लोकसाहित्यमा पनि यसको महत्त्वपूर्ण स्थान रहेको छ ।त्यस्तै पश्चिममा अरस्तुले भनेझैं त्रास र करुणाको उद्दीपनद्वारा मानवीय मनका सम्पूर्ण विकारहरूको विरेचन गरी मानसिक शुद्धि वा स्वस्थता प्रदान गर्नु पनि लोकसाहित्यको मुख्य प्रयोजन हो लोकसाहित्य सृजनामा पनि लोकवासीका


आफ्नो निश्चित उद्देश्यहरू छन् र ती उद्देश्य पूरा गर्नका लागि प्रयुक्त हुने पक्षहरू नै लोकवासीका प्रयोजन हुन् ।यसरी लोकसाहित्यको के महत्त्व छ ? यसको अध्ययन किन गर्ने ?यसको के कस्तो आवश्यकता र औचित्य छ ?जस्ता प्रश्नहरूको निम्नानुसार बुँदागत रूपमा स्पष्ट पार्न सकिन्छ ।

१.मनोरञ्जन २.शिक्षा वा उपदेश

३.लोकमङ्गल ४.यथार्थको प्रकटीकरण

## २.५ लोकसाहित्यका विधाहरू

लोकसाहित्यको विधागत वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वानहरूले विभिन्न आधारहरू उल्लेख गरेका छन् ।लिखित साहित्यको विविध विधाहरूहुन्छन् त्यस्तै लोकसाहित्यको पनि विविध विधाहरू रहेका छन् ।लोकसाहित्य लोक-जीवनकोऐना हो ।यसमा जीवन र जगतका भोगाइहरू सुख-दुख, पीडा-व्यथा, खुशी -हाँसो आादि मनका भावहरू ओकलेर मनलाई हलुका तुल्याउने, विभिन्न चाडपर्व एवं संस्कारहरूमा मनोरञ्जन लिने लोकरुचिले गर्दा लोकसाहित्य अनेकौं स्वरूपमा विभाजित हुन पुगेको पाइन्छ ।“सामान्यता विधा सिद्धान्त, भाषिक माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकार (शर्मा र अन्य, २०६३: ४६-५०) आदिका आधारमा विधाहरुमा विधाहरु खुट्याइएको पाइन्छ ।सामान्यतया यसका विधाहरूलाई आरेखमा यसरी देखाउन सकिन्छ :




मूलतः लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता/काव्य, लोककथा/गाथा, लोकनाटक, उखानटुक्काहरू एवम् पहेलीको नाम लिइन्छ (बन्धु, २०६६:३०) ।

## २.६ लोकनाटक परिचय र परिभाषा

लोकसाहित्यकाविविधविधामध्ये लोकनाटकएउटामहत्त्वपूर्णविधा हो ।लोकनाटक कुनै व्यक्ति विशेषकोरचना नभएर जनसमूहकै सामूहिक उत्पति हो ।लोकनाटकको कथावस्तुसुनेर

रसानुभूतिहुन सक्छतर सुनेर भन्दाहेरेरपूर्ण रसानुभूतिदर्शकले पाउने हुँदा र मञ्चित अवस्थामा नै यसले आफ्नो स्वरूप प्रस्तुत गर्ने भएकोले लोक-नाटकलाई साहित्यको दृश्य विधामा राखिएको हो ।

लोकनाटक 'लोक' र 'नाटक' दुई शब्दको समस्त रूप हो ।लोक शब्दको अर्थ जनता, दुनियाँ, समाज, संसार आदि हुन्छ ।नाटक र नाट्य शब्द पर्यायवाचीका रूपमा प्रयोग भएको पाइन्छ ।नाटक नाट्यको अर्थ नक्कल वा सर्वाङ्गीण अभिनय भन्ने हुन्छ ।अतः लोकनाटकको शाब्दिक अर्थ जनता वा संसारको सर्वाङ्गीण अभिनय भन्ने हुन्छ ।विभिन्न विद्वानहरूले लोकनाटकलाई यसरी परिभाषित गरेका छन् :

- लोक जीवनको आस्था र व्यवहारको सरलता प्रदर्शन मुलक अभिव्यक्ति नै लोकनाट्य हो (वन्धु, २०५८:२६२) ।
- जुन लोकसाहित्यको विधा कुनै कथावस्तुमा आधारित भई लामो कथात्मक गीतहरूमा विरचित हुन्छ र जहाँ गीत सङ्गीत र नृत्य तीनै प्रकारका साङ्गीतिक तत्त्वको त्रिवेणी बग्दछ, त्यही नैलोकनाट्य हो (थापा र सुवेदी, २०४१ : ३४९) ।
- लोकगीत, लोकनृत्य र लोकसङ्गीत नै लोकनाटकको वेद हो(थापा, २०३५:६७-७४) ।
- विशेष खालले पूर्ण कथातिर नलागी जनताका सामान्य सन्दर्भलाई मात्र पक्रेर जनतामै देखाइने नाच, लोक नृत्यलाई नै लोकनाटक भनिन्छ(शर्मा, २०५८:११७४) ।

उपर्युल्लिखित परिभाषाका आधारमा लोक-नाटकको परिभाषा निम्नानुसार गर्न सकिन्छ ।"लोक जीवनका विभिन्न तत्त्वहरूझल्कने खालको कथावस्तु भएको तथा परम्पराबाट चल्दै आएका लोकमान्यतालाई समर्थन र विकृतिमाथि व्यङ्ग प्रहार गरी गीत नृत्य र अभिनयका साथ लोकमञ्चमा प्रस्तुत गरिने एक प्रकारको खेल नै लोकनाटक हो ।"यसलाई बुँदाका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

१.गीत, नृत्य तथा अभिनयका साथ प्रस्तुत गर्न सकिन्छ ।

२.यसले दुःख, पीडा, व्यथा, वेदना समन गरी मनोरञ्जन प्रदान गर्दछ ।

३.यसले लोकमानसलाई उपदेश पनि प्रदान गर्दछ ।

४.लोकजीवनमा आधारित कथावस्तु हुन्छ ।

५.समाजका विकृति र विसङ्गतिहरूप्रति व्यङ्गय गर्दछ ।

६.यसले शास्त्रीय मर्यादालाई वास्ता गर्दैन् ।

लोकनाटकको सम्बन्ध लोकसँग रहेको छ ।लौकिक व्यवहारर मान्यता दिनानुदिन परिर्वतन भैरहेकोहुन्छ र त्यसकोफलस्वरूप लोकनाटकको स्वरूपमा पनि परिर्वतन भैरहेको हुन्छ ।जनसमूहको एउटाकथावस्तुपौराणिक कथामा आधारित रङ्गमञ्चमा अभिनयपूर्वक देखाइने वाखेलिने प्रविधियुक्त रचनाकृति नै लोकनाटक हो ।

## २.७शास्त्रीय नाटक र लोकनाटक

शास्त्रीय नाटकको पूर्वरूप लोकनाटक हो ।लोकनाटकको स्तरीय रूप नै शास्त्रीय नाटक हो ।लोकनाटक र शास्त्रीय नाटकमा समानता भए पनि यी दुवैथरी नाटकमा भिन्नता पनि छन् ।यी भिन्नतालाई निम्नानुसार देखाउन सकिन्छ ।

**क) अभिनयमा भिन्नता**

नाटकहरू अभिनयात्मक विधा हुन् ।लोकनाटकमा परम्परागत शैलीमा अभिनय गरिन्छ ।यसको आधार परम्परा र रुढि हो ।यसमा स्थानीय विभिन्नता देखिन्छ ।शास्त्रीय नाटकहरूको अभिनय शास्त्रीय नियमका आधारमा हुन्छ ।अभिनयका क्रममा अङ्ग सञ्चालन, हाउभाउ र चेष्टाहरूले लोकजीवनका सरल तर सामूहिक व्यवहार प्रदर्शित गर्छन् ।यसमा अभिनयले आधुनिक लिखित नाटकको स्वरूपलाई स्पष्ट गर्छन ।

**ख) पात्रको भिन्नता**

लोकनाटकका पात्रहरू लोकजीवनका विचार र व्यवहारको प्रतिनिधित्व गर्ने खालका हुन्छन् ।शास्त्रीय नाटकहरूमा नाट्यशास्त्र अनुसारका विविध पात्र रहन्छन् ।लोकनाटकमा प्राय पुरुषमात्र अभिनय गर्दछन् ।शास्त्रीय नाटकमा स्त्री पुरुष दुवैले अभिनय प्रस्तुत गर्दछन् ।

**ग) मङ्गलाचरणमा भिन्नता**

लोकनाटकमा मङ्गलाचरणको आवश्यकता मानिन्छ ।लोकनाटकमा नाटकको शुरुवातकामा नै मंगलाचरण गर्दछन् तर शास्त्रीय नाटकमा मंगलाचरणको आवश्यकता ठानिदैन ।

### घ) मञ्चको भिन्नता

नाटकहरूको प्रदर्शन मञ्चमा नै हुन्छ ।लोकनाटकहरूको प्रदर्शन गर्दा परम्परादेखि खुला चौर, आँगन र डवलीले मञ्चको काम गर्दै आएका छन् वर्तमान समयमा लोकनाटक त्यतिमामात्र सीमित नभएर विभिन्न मेला महोत्सव र समारोहमा नै मञ्चन हुने गरेको पाइन्छ ।शास्त्रीय नाटकहरूका लागि नाट्यशालाहरू शास्त्रीय नियमका आधारमा बनाइन्छ ।लोकमञ्चको जस्तो शास्त्रीय मञ्च हुदैन ।

### ङ) कथानकमा भिन्नता

लोकनाटक परम्परागत साहित्य भएकाले विशेष गरी अघि देखि चलिआएका पौराणिक र ऐतिहासिक विषयका कथानक हुन्छन् ।शास्त्रीय नाटकहरू पौराणिक र ऐतिहासिक नभएर काल्पनिक हुन्छन् ।

### च) गीत र संवादमा भिन्नता

लोकनाटकमा एकालापमा भन्नुपर्ने कुराहरू गीतमै भनेको पाइन्छ तर सोरठी र घाटुको अभिनय गर्दा पात्रहरू गाउँदैनन् नाच्छन् मात्रै ।शास्त्रीय नाटकमा विभिन्न पात्रहरूका बीच भएका वार्तालाप वा संवादको अधिक प्रयोग हुन्छ ।

### छ) पाठको भिन्नता

लोकनाटकमा देशकाल अनुसारको प्रस्तोताको पृष्ठभूमि, परिस्थिति र स्थानीय प्रभावहरूले पाठ अस्थिर तथा परिवर्तनशील हुन्छ ।शास्त्रीय नाटकमा आद्योपान्त स्थिर र अपरिवर्तनीय हुन्छ ।

### ज) भाषा र संवादमा भिन्नता

लोकनाटकमा प्राचीन भाषाको अवशेष रहन्छ ।केही प्रान्तीय भाषिका तथा जातीय भाषाको प्रयोग गरिन्छ ।श्रोतालाई आकर्षित गरिरहने छोटा तथा सरल संवादको प्रयोग

गरिन्छ ।शास्त्रीय नाटकमा सुसँस्कृत, परिमार्जित साथै केही लामा संवाद र लाक्षणिक शब्दको प्रयोग गरिन्छ ।

## २.८ नाटकको उत्पत्ति

नाटकको उत्पत्तिका विषयमा विभिन्न मतहरू देखिन्छन् ।आजसम्मको प्राचीन तथा प्रामाणिक ग्रन्थ वेद हो ।वेद बाहेक हामीसँग लिखित अरु प्रमाण छैन ।धर्मराज थापा र हंसपुरे सुवेदीले लोकनाटकको प्रारम्भ संवादरूपका वैदिक सुक्तहरूवाट भएको अनुमान गरेका छन् ।वेद विभिन्न समयमा ऋषिमुनिहरूद्वारा दृष्ट र प्रतिपादित त्यस्ता मन्त्रहरूको सङ्ककलन हो, जहाँ विभिन्न तत्त्वज्ञानको बोध गराइएको हुन्छ (शर्मा, २०६५:५) । वेदमा नाटकको पूर्वरूप भेटिनु भनेको त्यसवेला पनि समाजमा नाटकको अस्तित्व थियो भन्नेकुरा प्रमाणित हुनु हो ।नाटकको अध्ययन तथा अनुसन्धान गर्ने विद्वान तथा अनुसन्धाताहरूले नाटकको उत्पत्तिका बारेमा फरक फरक विचार व्यक्त गरेका छन् ।

धेरै विद्वानहरूलेनाटकको उत्पत्तिवेदलाईनैमानेकोपाइन्छ ।ऋग्वेदमा यम -यमी, पुरुरवाउर्वशी आदिका संवाद सुक्तहरू छन् ।जर्मनी विद्वान मैक्समूलरले ऋग्वेदको मरुत सुक्तको व्याख्या गरेर यज्ञ यज्ञादिका अवसरमा अग्निका वरपर युवतिहरू गोलवद्ध भएर नाच्ने कर्मकाण्ड नै पूर्वीय नाटकको उत्पत्ति हो भनेका छन् ।भरतले दैवी उत्पत्तिबाद ब्रहमाले ऋग्वदेबाट पाठ्य सामवदेबाट गीत, यजुर्वेदबाट अभिनय र अथर्ववदेबाट रस लिएर पाँचौ वदेका रूपमा नाट्यको उत्पत्ति गरे ।

जग्राह पाठ्य ऋग्वेदात् समात् तथैव च ।

यजुर्वेदादभिनयम् रसनाथर्वदादपि ।

नाट्यशास्त्रम् १। ४

नाटकमा शिवले ताण्डव नृत्य र पार्वतीले लास्य नृत्य गरेका थिए ।त्यस्तै कतिपय विद्वानहरूले पुराणलाई नाटकको उत्पत्तिमानेका छन् । पूर्वका रामायण र महाभारत जस्ता ग्रन्थ र पश्चिममा होमरका इलियड र ओडिसी पछि ग्रीसली नाटकको उत्पत्ति भएको मान्दछन् ।केही विद्वानले भने कठपुतली नृत्यबाट नाटकको उत्पत्ति भएको मान्दछन् ।

नाटकको उत्पत्तिका विषयमा विभिन्न मतहरू देखा परे तर लोकनाटकको उत्पत्तिका विषयमा किटानसाथ केही भन्नु असम्भव छ किनकि यसको क्षेत्र विस्तृत छ ।अध्ययन अनुसन्धान सीमित छन् ।लोकनाटकको उत्पत्तिका सम्बन्धमा यसो भन्न सकिन्छ- सामाजिक

तथा लौकिक क्रियाकलाप वा व्यवहार नै लोकनाटकको पूर्वरूप वा उत्पत्तिको कारण हो ।संवादरूपका वैदिक सूक्तहरूलिखित प्रमाण मात्र हुन्, जुन संवाद पूर्व नै लोकनाट्यको उत्पत्ति भैसकेको थियो ।

## २.९ नेपाली नाटकको विकास र प्रदर्शन परम्परा

यस पृथ्वीमा जव मानिसहरू संगठित भएर समाजका रूपमा बस्न थाले त्यसपछि नाटकको प्रारम्भ भएको हो ।मानव यस पृथ्वीमा कहिले देखि बसे र कहिले देखि संगठित भएर वस्न थाले भन्ने भने मिति किटान गर्न सकिँदैन् त्यसैले लोकनाटकको प्रारम्भकाल खोज्नु पनि गाह्रो छ ।सँस्कृत प्राकृत, खस भाषाहरू नेपाली भाषाका पूर्वरूप हुन् ।नेपाली लोकनाटकको उद्मस्थल पहिल्याउन पनि यिनै भाषाहरूको परम्परामा पुग्नु जरुरी छ ।आजसम्म उपलब्ध सर्वप्राचीन ग्रन्थ वेद हो ।ऋग्वेदमा संवादका सूक्तहरू भेटिन्छन् ।जसलाई नाटकको प्राचिन रूप मानिएको छ ।ऋग्वेदमा संवादहरूपका सूक्त भेटिनुबाट ऋग्वेद पूर्व समाजमा नाटक रहेको स्पष्ट हुन्छ ।प्रामाणिक मूलपाठ नभेटिनु र गुरूपरम्परामा नै लोकनाटकको अस्तित्व कायम रहेको भेटिनुबाट पनि यसको विकास परम्परा पत्तालगाउनु अझ मुस्किल छ ।लोकनाटकको अनुसन्धान गर्ने विद्वान मोतीलाल पराजुलीले नेपाली लोकनाटकको प्रदर्शन र अध्ययन परम्परालाई निम्नानुसारका चरणमा वर्गीकरण गरी अध्ययन गरेका छन् ।

१. पृष्ठ भूमि काल : पौराणिक र अनुश्रुति काल ।

२. प्रारम्भिक काल : डवली परम्परा देखि २०१२ सम्म

३. विकास काल : २०१३ देखि हालसम्म

यिनै वुँदाका आधारमा यहाँ लोकनाटकको प्रदर्शन तथा अध्ययन परम्पराको चर्चा गरिन्छ ।

### १. पृष्ठभूमिकाल : पौराणिक र अनुश्रुतिकाल

वैदिककालमा महाव्रत अनुष्ठानका क्रममा अग्निका वरपर कुमारीहरू नाच्ने गरेको चर्चा भटिन्छ ।महाभारतमा प्रद्युम्नको विवाहका अवसरमा 'रामायण कौवेररम्भाभिसार'जस्ता नाटक प्रदर्शन गरिएको चर्चा पाइन्छ (पराजुली २०५८:५४) । पाण्डवहरू एक वर्षको गुप्तवास बस्ने क्रममा अर्जुनले विराट राजाकी छोरी उत्तरालाई नृत्य प्रशिक्षण दिएको प्रसङ्ग पनि महाभारतमा स्पष्ट रूपमा उल्लेख छ ।'भागवत' मा गोपिनीहरूले श्रीकृष्णको

अन्वेषण गर्ने क्रममा श्रीकृष्णका वाललीलाहरूको अभिनय गरेको र रास नृत्यको वर्णन पाइन्छ।'ललित विस्तार' अवदान जातक, सद्धर्म पुण्डरीक, महावंश आदि ग्रन्थमा विशेष पर्वहरूमा नाटकको अभिनय गरिने कुरा उल्लेख भएको पाइन्छ।'हरिसिद्धिपुराण' अनुसार नेपालमा यो नाच कलिगत २९६० वर्ष (वि.सं. १०४८) अर्थात किराँत कालभन्दा अघि शुरु भएको मानिन्छ।लिच्छवी राजा चम्पादेवको पालामा चार 'अङ्के रामायण' नृत्य खेलाएको उल्लेख पाइन्छ।तर शिलालेखहरूमा उनको नाम पाइएको छैन (तमोट, २०३२:९३) यी सवैलाई लोकनाटकको पृष्ठभूमिका रूपमा अध्ययन गर्न सकिन्छ।

## २. प्रारम्भिककाल

डवली परम्परादेखि २०१३ सम्म नेपालमा मल्लकालमा डबलीको परम्परा थियो।त्यस अवस्थामा संस्कारकर्म (विवाह, व्रतवन्ध) धार्मिककर्म (तुलादान, लक्ष्याहुति, कार्तिकव्रत आदि) तथा विविध मनोरञ्जनका अवसरमा नाटक खेलेको वा अभिनय गरेको चर्चा पाइन्छ।जयस्थिति मल्लको पालामा ने.सं. ४८७ ज्येष्ठ कृष्ण पञ्चमीका दिन 'चारअङ्के रामायण' खेलाएको उनको छोरो धर्ममल्लको उपनयनका अवसरमा ने.सं. ४९७ मा 'बाल रामायण' र विवाह ने.सं. ५०३ मा 'गैरवानन्द' नाटक अभिनय गरेको चर्चा पाइन्छ।जगत मल्लले पनि आफ्ना कान्छा छोराको उपनयनमा 'मदन चरित' खेलाएका थिए।धार्मिक कर्म समापनमा जगज्योति मल्लले ने.सं. ७४९ मा 'हरगौरी विवाह' खेलाएको र त्यसैगरी 'गौरी विवाह', 'गीत दिगम्बर', 'बीरबाहु', 'चतुरङ्ग', 'महाभारत', 'विक्रम चरित', 'कृष्ण चरित्र जस्ता विभिन्न नाटकको अभिनय गरेको पाइन्छ।

यी नाटकहरू नेपाली, संस्कृत, नेवारी आदि भाषामा लेखिएका थिए अतः ऐतिहासिक सन्दर्भ पूर्ति गर्ने काम यी नाटकले गरेका छन्।

नेपाली भाषामा लेखिएका भक्तिपरक नाटकहरू यस क्रममा धेरै भटिन्छन्।'हरिश्चन्द्र नृत्यम्'(१७०८), 'कृष्ण चरित्र नाटक'(१८२२), 'श्रवणकुमारको नाटक प्रोग्राम'(१९७९), 'रामायण नाटक' (१९८०) 'कृष्ण सुदामा नाटक' (१९८९), 'सुदामा नाटक' (२००५), 'राम वनवास' गीति नाटक (२०२१)आदि भक्तिपरक नाटक हुन्।

बालुन नाटकमा पतञ्जली गजुऱ्यालको 'अध्यात्म रामायणको बालुन (१९०४) सर्व प्राचीन लिखित बालन हो।'हंस भारत बालुन' (१९०७), 'जैमिनि भारतको भाव सारार्थ

बालुन' (१९३४), 'जैमिनि भारतको बालुन' (१९०७), 'दशावतारको बालुन' (१९९६), नरकान्तलीला (१९६०), 'रासलीला' (१९६२), 'नेपाल सङ्गीत रामायण' (वालकाण्ड र अयोध्याकाण्ड) (२००१), लिखित रूपमा प्राप्त यी बालन तत्तत् कालमा खेलाएका थिए ।

तेह्रौ शताब्दीको अड्कल गरिने सुदुर पश्चिममा प्रचलित 'भरत नाट्य' (हुड्के नाच) आजभोलि पनि उस्तै रूपमा प्रदर्शित छ ।गण्डकी क्षेत्रमा खेलिने मारुनी पनि यस समयको उल्लेख्य नाटक हो ।'सामा चखेवा' लोकनाथ 'सलहेस लोकनाट्य' विदापर नाच' 'वाङ्गोले राई नृत्य''चेपाङ् नृत्य''जाट जाटिन लोकनाट्य' 'मेडरियाको लोकनाच' मैथिली भोजपुरी र अवधी भाषामा रचिएका लोकनाट्य हुन ।नेपालमाभन्दा इतरभाषामा पनि लोकनाट्य प्रचलित छन् भन्ने स्पष्ट हुन्छ ।

३. **विकासकालः** वि.सं. २०१३ देखि हालसम्म (अध्ययन र अनुसन्धान)

सत्यमोहन जोशीको 'हाम्रो संस्कृति(२०१३) बाट लोकसाहित्यको क्षेत्रमा अध्ययन र अनुसन्धानको थालनी भएको भटिन्छ ।धर्मराज थापाको 'मेरो नेपाल भ्रमण (२०१६), हरिहर राज जोशीको 'सोरठी'(२०१३), कालिभक्त पन्तको 'हाम्रो साँस्कृतिक इतिहास २०२८ धर्मराज थापाको 'गण्डकीको सुसेली' २०३०, लोक साँस्कृतिक संगोष्ठी २०३२, गुरुङ्ग जाति र संस्कृति' (२०३४), मृगेन्द्रमान र लेखकहरूको नृत्यकला २०३७ केशरजङ् बराल मगरको पाल्पा तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति २०५० सरोज गोपाल वज्राचार्यको गण्डकी अञ्चलका लोकनाच, मानविकी तथा सामाजिकशास्त्र अध्ययन सस्थानद्वारा २०४२ मा तयार पारिएको लघुअनुसन्धान (अप्रकाशित), कृष्णाप्रसाद लम्सालको 'तनहुँ जिल्लाका घाटु' लोकनाटकको सङ्कलन र विश्लेषण (स्नातकोत्तर शोधपत्र २०५२), मोतिलाल पराजुलीको 'गण्डकी अञ्चलका लोकनाट्य नृत्यको अध्ययन' (त्रि.वि. अनुदान आयोगद्वारा संचालित लघु अनुसन्धान परियोजना २०५५ (अप्रकाशित), ईश्वरी सुवेदीको नेपाली सँस्कृतिको इतिहासमा बालन लोकनाटक संक्षिप्त अध्ययन (स्नातकोत्तर शोधपत्र २०५९), चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य २०५८, सावित्री मल्लको 'पाल्पाको लोकगीतको अध्ययन र विश्लेषण २०५२, गोविन्दशरण उपाध्यायको 'नेपाली लोकनाटक बालनको अध्ययन (स्नातकोत्तर शोधपत्र २०६०), रीता गुरुङ्को पेल्काचौर क्षेत्रका प्रचलित घाटुको अध्ययन (स्नातकोत्तर अध्ययन पत्र

२०६७) आदि कृतिहरूले नेपाली लोकनाटकको अध्ययनका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

देशका विभिन्न स्थानवाट प्रकाशित हुने पत्र-पत्रिका, रेडियो, टेलिभिजन, विभिन्न कला केन्द्रहरू विद्यालय, क्याम्पस, साँस्कृतिक समूह आदिको पनि लोकनाटकको उन्नयनमा महत्त्वपूर्ण स्थान छ ।

## २.१० लोकनाटकको वर्गीकरण

लोकनाटकलाई साहित्यका विद्वान तथा अनुसन्धाताहरूले भिन्न भिन्न रूपमा वर्गीकरण गरेका छन् ।

डा. चुडामणि बन्धुले लोकनाटकलाई मुख्य दुई भागमा बाँडेका हुन् (बन्धु, २०५८: २०३) ।

१. पुराकथात्मक : बालन, नचरी, लीला, चरित्र

२. जनश्रुति मूलक : घाँटु, सोरठी, गोपीनाच

भारतीय विद्वान कुन्दनलाल उप्रेतिले लोकनाटकलाई निम्नानुसार वर्गीकरण गरेका छन् (उप्रेती, १९८०: १५७) ।

१. धार्मिक, ऐतिहासिक तथा किंतदन्तीमा आधारित

२. नृत्य प्रधान

३. सङ्गीत प्रधान

४. हास्य प्रधान

५. नाट्य वार्ता प्रधान

नेपाली लोकनाटकलाई विषयवस्तु र शैलीका आधारमा बाँडेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

विषयवस्तुका आधारमा

**१ पौराणिक :** पुराणका कथामा आधारित : बालन, गोपीनाच, चरित्र आदि ।

**२. ऐतिहासिक :** (सन्दिग्ध एतिहासिक) मध्यकालिन घट्नामा आधारित सोरठी घाटु आदि ।

**३. सामाजिक :** समसामयिक घट्ना विषयवस्तु तथा सामाजिक विकृतिप्रति व्यङ्ग गरिएका प्रहसनात्सक लोकनाटकहरू छोटा हुन्छन् र सामाजिक परिवेशवाट केही घट्नालाई नाटकीय रूप दिइएको हुन्छ ।केहीशास्त्रीयनाटक जस्तो पनि लाग्दछ तर यिनीहरूलाई शास्त्रीय नाटक

भन्न सकिँदैन सामाजिक विकृतिलाई व्यङ्ग गर्नु मनोरञ्जन दिलाउनु यी नाटकको मूख्य उद्देश्य हुन्छ ।

शैलीका आधारमा पनि लोकनाटकको वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

१. मारुनी शैली- सोरठी, बोटेनाच, नचरी

२. लीला शैली- बालन

३. भरत शैली- भारत

४. समूहनास्य शैली- घाँटु

## २.११ लोकनाटकका विशेषताहरू

लोकनाटक लोकपरम्परा र रुढिमा आधारित हुन्छ ।शास्त्रीय नियमहरूको पालना गर्नुपर्ने आवश्यकता हुँदैन ।तर लोकनाटकको प्रदर्शन गुरूपरम्परामा हुन्छ ।त्यस्ता प्रदर्शनका पनि निश्चित विधिविधान हुन्छन् ।तिनले पनि केही घटनामूलक कथावस्तु लिएका हुन्छन्, लोकशैलीको मञ्चमा विभिन्न पात्रले चरित्रको अनुकरण गर्दछन् ।

लोकनाटकका विशेषताहरूलाई विभिन्न विद्वानहरूले केलाएका छन्, केही विद्वानहरूले गरेका लोकनाटकका विशेषताहरूको चर्चा निम्नानुसार रहेको छ :

चुडामणि बन्धुका अनुसार लोकनाटकका विशेषताहरू निम्नानुसार रहेको छ (बन्धु, २०५८: २६२) ।

१. लोकनाटकहरूको प्रदर्शन गुरूपरुम्परामा हुन्छ ।

२. लोकनाटकको प्रदर्शनका आफ्नै विधिविधानहरू हुन्छन् ।

३. लोकनाटकहरूले कुनै कथावस्तुलाई अँगालेका हुन्छन् ।

४. लोकनाटकको प्रस्तुतिकरण लोकमञ्चमा हुन्छ ।

५. पात्रहरूको प्रयोग हुन्छ ।

६. लोकशैलीको मञ्च हुन्छ ।

७. लोकनाटकमा लोकभावनाको अभिव्यक्ति हुन्छ ।

८. गीत, नृत्य र वाद्यका सहयोगले प्रदर्शनलाई प्रभावकारी बनाउँदछन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकनाटकको विशेषताहरू निम्नानुसार चर्चा गरेका छन् ।-थापा र सुवेदी)

१. सानो-ठूलो कुनै न कुनै कथावस्तु पाइनु ।

२. सरल र सहज भावना पाइनु ।

३. गेयात्मक सरल भाषा हुनु ।

४. संवादात्मक हुनु ।

५. सहज निर्माण साध्य हुनु ।

कृष्णप्रसाद आचार्यले लोकनाटको विशेषताहरूलाई निम्नानुसार चर्चा गरेका छन् ( आर्चाय, २०६३:५०३)

१. भाषिक सरलता हुनु ।

२. लोकप्रसिद्ध कथावस्तु हुनु ।

३. अभिनेयता हुनु ।

४. खुल्लामञ्चमा प्रदर्शन गरिनु ।

५. संवाद छोटो, छरितो र सरल हुनु ।

६. अङ्क र दृश्य विभाजन हुनु ।

७. रूपयोजना र लोकधर्मी हुनु ।

८. प्रयोजन मनोरञ्जन दिनु ।

९. सामाजिक, धार्मिक र नैतिक प्रवृति हुनु ।

१०. लोकसंस्कार र संस्कृतिको संरक्षण हुनु ।

कृष्णप्रसाद लम्सालले आफ्नो शोधग्रन्थमा लोकनाटकका विशेषशतालाई यसरीप्रस्तुतगरेका छन् ।

१. लोकगीत, लोकनाटकका र लोकनृत्यको समूहिकअभिव्यक्ति

२.खुल्ला रङ्गमञ्च

३.सङ्केतात्मक अभिव्यक्ति

४ अवस्थानुरूपविद्वषकको प्रयोग

५. लोकजीवनकोलोक अभिव्यक्ति

६.एकल वासामूहिकनृत्य

७.आवश्यकताअनुसारकथाकोस्वभाविकप्रस्तुति

८. लोकानुभुतिको आंशिक प्रस्तुतिकरण

९.लोकभावना परम्परा मान्यता रीतिरिवाजकोअभिव्यञ्जन

१०. टाइप चरित्र (समाज, परिवेश संस्कारअनुकुल)

११. लोकरूप योजनालोक सङ्गीत तथा लोकगीत मूल भाषाको प्रयोग

१२. प्रमाणिक मूलपाठकोअभाव

गोविन्दशरण उपाध्यायले नाटकको विशेषतालाई आफ्नोशोधपत्रमा निम्नानुसारका बुँदामा व्यक्त गारेका छन् ।

१. लोक धर्मी हुनु ।

२.स्थान, समय, जाति वा वर्गअनुसार फरक फरक हुनु ।

३. शास्त्रीयनियमबाटनित्यमुक्त रहनु ।

४. प्रमाणिक मूलपाठ नपाइने भएपनिपरम्परागतरूपमा अस्तित्वरहिरहनु ।

५.पुज्यवस्तुका रूपमा वा आदरको भावले लोकलेग्रहण गर्नु ।

उपर्युक्त विशेषताहरूको अध्ययनबाट नेपाली लोकनाटको विशेषतालाईनिम्ननुसार बुँदामा व्यक्तगर्नसकिन्छ ।

१.लोकसँग सम्बन्धित हुनु ।

२. गुरु परम्परामाप्रदर्शन हुनु ।

३. शास्त्रीय नियमको आवश्यकता नहुनु ।

४. गायन, वादन र नृत्यकोसंयोजन हुनु ।

५.लोकशैलीकोखुल्लारङ्गमञ्च ।

६. सामाजिक, सांस्कृतिक धार्मिक र नैतिक प्रवृत्ति हुनु ।

७. समय स्थान जाति वा वर्गअनुारभिन्न भिन्न हुनु ।

## २.१२ लोकनाटकका तत्त्वहरू

कुनै पनि साहित्यिक कृतिको रचनाको निर्माणमा नभइ नहुने आवश्यकीय वस्तुलाई नै तत्त्वको रूपमा लिन सकिन्छ।आवश्यकीय तत्त्वको पूर्ण उपस्थितिविना कुनै पनि संरचनाले पूर्णता प्राप्त गर्न सक्दैन् ।लोकनाटक लोकजीवनमा पाइने घटना, चरित्र, सोचाई, विचार, संस्कार, परम्परा, धर्म संस्कृति आदि लोकमानसको चरित्र उतारिएको विधा हो।विभिन्न तत्त्वहरूको संयोजन र व्यवस्थापन गरेपछि लोकनाटक निर्मित

हुन्छ ।लोकनाटकका तत्त्वहरूका बारेमा विभिन्न विद्वानहरूले भिन्न भिन्न विचार प्रस्तुत गरेका छन् ।

डा. सत्यन्द्रले अखण्ड, रंगमञ्च, अभ्यास, विज्ञापन र प्रवन्धादिलाई लोकनाटकका प्रमुख तत्त्व भनी चर्चा गरेका छन् (सत्येन्द्र, १९७१: ४३०)

कृष्णप्रसाद आचार्यले कथानक, सहभागी, उद्देश्य, संवाद, द्वन्द, शैली, भाषा र परिवेशलाई लोकनाटकका तत्त्वहरूका रूपमा चर्चा गरेका छन् (आचार्य, २०६३: ५४७)

डा. मोतिलाल पराजुलीले - कथानक, पात्र सङ्गीत, अभिनय, संवाद, भेषभुषा, उद्देश्य, शैली लोकमञ्च र भाषा जस्ता दश तत्त्वको संयोजनबाट लोकनाटक पूर्णहुने धारणा व्यक्त गरेका छन् ।

डा. श्याम परमारले- कथानक, पात्र, चरित्र, उद्देश्य, अभिनय, रूपयोजना र प्रसाधना, सङ्गीत योजना, उद्देश्य, भाषा तथा संवाद, लोकमञ्च र लोकवार्ता समावेश जस्ता दश तत्त्वलाई लोकनाटकका तत्त्वको रूपमा चर्चा गरेका छन् ।

लोकसाहित्यको क्षेत्रमा कलम चलाउने उपर्युक्त विद्वानहरूमध्ये डा. सत्येन्द्र चर्चा गरेका लोकनाटकका तत्त्वहरू केही अपूरो जस्तो देखिन्छ ।आचार्य, डा. पराजुली र डा. परमारले चर्चा गरेका लोकनाटकका तत्त्वहरू केही मिल्दाजुल्दा देखिन्छन् तीनै तत्त्वहरूलाई निम्नानुसार वर्णन गर्न सकिन्छ ।

**१. कथानक**

लोकनाटकमा कथानक अनिवार्य तत्त्व मानिन्छ ।कथानक संयोगान्त अथवा वियोगान्त जुनसुकै हुन सक्दछ ।घटनावलीलाई जीवन्त तुल्याउने काम कथानकले गरेको हुन्छ ।लोकनाटकमा गीत, सङ्गीत र नृत्यको संयोजन हुने हुनाले यसैमा कथानक मिसिएको हुन्छ ।ऐतिहासिक, पौराणिक, सामाजिक तथा जनश्रुतिमा आधारित विषयवस्तुमा कथा तयार पारिन्छ ।

**२. पात्र/चरित्र**

पात्र भन्नाले गीत, सङ्गीत, नृत्य र अभिनयमा भाग लिने कलाकारलाई बुझिन्छ ।पात्रका चरित्रको विशिष्ट भूमिकाले नै नाटकले गतिशिलता र जीवन्तता प्राप्त गर्दछ ।त्यसकारण लोकनाटकका विभिन्न तत्त्वहरूमध्ये मात्रको अनिवार्य र महत्त्वपूर्ण भूमिका हुन्छ ।लोकनाटकमा पुरुष पात्रको प्रधानता रहन्छ ।

### ३. उद्देश्य

लोकनाटकको प्रमुख उद्देश्य भनेको लोकबासीलाई मनोरञ्जन गराउनु हो, तर पनि मनोरञ्जनका साथ साथै शिक्षा, ज्ञान, उपदेश, आर्थिक आम्दानी, पुण्यप्राप्ति आदि उद्देश्यहरूपनि समाविष्ट भएका हुन्छन् ।

### ४. संवाद

संवाद लोकनाटकको एक अभिन्न अङ्ग हो ।दुई वा दुई भन्दा बढी व्यक्तिहरूका वीचमा हुने कुराकानीलाई संवाद भनिन्छ ।लोकनाटकमा लयात्मक रूपमा विभिन्न पात्रका वीचमा दोहोरो वार्तालाप वा एकालापको ढाँचामा संवादलेकथानकलाई अगाडि बढाउँछ ।अभिनयको क्रममा छोटा सरल र दर्शकलाई आकर्षित गर्ने खालको संवादको प्रयोग गरिन्छ ।

### ५. सङ्गीत

"गीतं, वाद्यं तथा नृत्यं त्रयो सङ्गीत मुत्यते"

गीत बाजा र नाचको समस्त रूप नै सङ्गीत हो ।सङ्गीत लोकनाटकको एक प्रमुख तत्त्व हो ।गायन, वादन र नृत्यले लोकनाटकलाई श्रृङ्गार भर्ने काम गर्दछ ।लोकनाटकको संगीत परम्परा अनुसारको लोकसङ्गीत नै हुन्छ ।

### ६. अभिनय

लोकनाटक दृश्य विधा भएकाले अभिनय स्वत : हुन्छ ।यसमा सामूहिक अभिनय हुन्छ ।अभिनयले नक्कल गर्ने कामलाई सङ्केत गर्दछ ।लोकनाटकमा प्राय पुरुष पात्रद्वारा नारी पात्रको अभिनय गरिन्छ ।यसका लागि पुरुष नारीको भेषमा सजिएका हुन्छन् ।

## ७. भाषा

भाषा लोकनाटकको अनिवार्य र अपरिहार्य तत्त्व हो ।भाषाविना हामी कुनै कुरा व्यक्त गर्न सक्दैनौं ।भाषाकै माध्यमबाट एक अर्काको विचार वा भाव आदानप्रदान गर्न सकिन्छ ।लोकनाटकमा सरल सहज, प्रवाहपूर्ण र स्थानीय भाषिकाको प्रयोग गरिन्छ ।

## ८. शैली

शैली लोकनाटकको एक महत्त्वपूर्ण तत्त्व हो ।विधाका आ-आफ्नै शैली हुन्छन् ।लोकनाटकमा प्रयोग भएका शैलीहरूचार प्रकारका छन् ।मारुनीशैली, लीला शैली, भारतर शैली र समूहलास्यशैली, सोरठीमा मारुनीशैली, बालनमा लीलाशैली, भारतमा भारतर शैली र घाटुमा समूहलास्य शैलीको प्रयोग भएको पाइन्छ ।

## ९. लोकमञ्च

नाटकको प्रमुख तत्त्व मञ्चनीय तत्त्व हो ।मञ्चन नगरी नाटक सार्थक बन्न सक्दैन् ।लोकनाटकको मञ्चन कुनै भव्य महल तथा रङ्गमञ्चमा गरिँदैन बरु डबली चौतारी, चोक, घर आँगन, मठ-मन्दिर, पाटी पौवा जस्ता खुलामञ्चमा गरिन्छ ।

## १०. भेषभूषा

भेषभूषा पनि लोकनाटकको महत्त्वपूर्ण तत्त्व हो ।भेषभूषा लगाउने कपडा र श्रृङ्गारका रूपमा प्रयोग गरिने आभूषण वा गहना भन्ने बुझिन्छ ।कलाकारहरूले नाटक प्रदर्शन वा अभिनय गर्ने क्रममा प्रयोग गर्ने कपडा वा श्रृङ्गारका साधनलाई नै यहाँ भेषभूषा भनिएको हो ।लोकनाटकमा दौरा, सुरवाल, कोट, टोपी जस्ता जातीय संस्कृति झल्किने पारम्परिक भेषभूषाको प्रयोग गरिन्छ ।श्रृङ्गारका सामाग्री पनि पुरानै किसिमका हुन्छन् ।

## परिच्छेद तीन
## बालनको सैद्धान्तिक परिचय

### ३.१ बालन परिचय र परिभाषा

बालन नेपाली लोकसाहित्यको श्रव्य दृश्य विधामा पर्ने अन्यन्त लोकप्रिय पौराणिक लोक नाटक हो ।'वाल' शब्दमा अन् प्रत्यय लागेर बालन शब्द बनेको हुन्छ ।यसको शाब्दिक अर्थ बालकसँग सम्वन्धित भन्ने हुन्छ ।बालनलाई बालुन पनि भनेको पाइन्छ ।यी दुबै नेपाली भाषामा प्रचलित शब्द मानिन्छन् ।वृहत् नेपाली शब्दकोशका अनुसार बालन/बालुन भन्नाले विशेष धार्मिक पर्व आदिमा एक जनाले भट्याउने र सामूहिक रूपमा अरुले स्वर मिलाउने गरी गाइने राम कृष्ण आदि देवताको चरित्र गाथा विशेषलाई बालन भनि उल्लेख गरिएको छ ।हिन्दु धर्मका प्रमुख ग्रन्थ रामायण, महाभारत, श्रीमद्‌भागवत् आदिलाई आधार बनाएर गीत, कविता, नृत्य वा अभिनयका साथ धार्मिक उद्देश्यले परम्परागत रुपमा खेलिँदै आएको एक प्रकारको खेल वा नाचलाई नै बालन भनिएको हो ।लोकसाहित्यका अन्वेषक तथा अध्येताहरूले बालनलाई विभिन्न किसिमले परिभाषित गरेका छन् ।ती मध्ये केही परिभाषा यहाँ प्रस्तुत गरिएको छ ।

- बालन नेपाली लोकजीवनमा प्रचलित प्रसिद्ध नाट्यगाथा हो(पराजुली, २०५७: ३३३) ।केन्द्रिय नेपालको मध्ये पहाडी भागमा बस्ने बाहुन क्षेत्रीहरुको समाजमा प्रचलित बालन एक प्रकारको नृत्य गाथा हो (बन्धु, २०५८: २७८) ।
- विशेष धार्मिक पर्व आदिमा एक जनाले भट्याउने र सामूहिक रूपमा अरुले स्वर मिलाउने गरी गाइने राम कृष्ण आदि देवताको चरित्र गाथा विशेषलाई बालन भनिन्छ (शर्मा, २०५८: ९५८) ।
- बालन एउटा कर्म सङ्गीत हो (कान्दाङ्वा, २०४०:६९) ।
- भगवान् श्रीकृष्ण र भगवान् श्रीरामका जीवन चरित्रलाई मूल आधार बनाएर लोकगीत लोकभजन वा लोककविता गाउँदै नृत्य प्रस्तुत गरिने सबै प्रकारका वा स्वरूपका लोकनृत्यहरूबालनभित्र समेटिन सक्छन् (पराजुली, २०५८: २) ।
- खास गरी बाहुन र क्षेत्री जातिका श्रुतिपरम्परामा जीवित अनि पौराणिक विषयवस्तुमा आधारित आख्यानात्मक, अभिनय संवादात्मक संरचना

बालनलोकनाटक हो ।जसमा गायन वादन तथा नृत्यको समेत भूमिका हुन्छ ( न्यौपाने, २०६९: २२) ।

- बालुन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका बाहुन क्षेत्रीका समाजमा प्रचलित लोकनाटक हो (आचार्य, २०६३: ५२१) ।
- हिन्दु धर्म संस्कृति तथा पौराणिक विषयमा आधारित कथावस्तु भएका गीत, कविता वा अभिनेयका साथ धार्मिक उद्देश्यले परम्परागत रूपमा खेल्दै आइएको एक प्रकारको खेल वा नाच नै बालन लोकनाटक हो (उपाध्याय, २०६०: २०) ।

माथि उल्लेख गरिएका परिभाषाहरूलाई अध्ययन र मनन गरी सान्दर्भिक तथ्यलाई समेट्दा बालनलाई यसरी परिभाषित गर्न सकिन्छ ।“नृत्य अभिनय र संवादका साथ प्रस्तुत गरिने हिन्दु सँस्कृति र पौराणिक विषयमा आधारित श्रुतिपरम्परामा जीवित धार्मिक एवं मनोरञ्जनको उद्देश्यले खेलिने खेल नै बालन हो ।”प्राय : बाहुन क्षेत्री समुदायमा यस नाटकको परम्परा भेटिन्छ, जसमा लीला शैलीको प्रयोग हुन्छ ।नेपाली समाजमा धार्मिक अनुष्ठानका रूपमा, संस्कारकर्म, छैठी अन्नप्राशन, ब्रतवन्ध तथा कुनै पर्व वा उत्सवहरूमा बालन प्रदर्शन हुन्छ ।यसको प्रदर्शनमा एकजना गुरु वा प्रमुखपात्र हुन्छन् ।उनकै अगुवाइमा बालन नाटक खेलिन्छ ।श्रुति पराम्परामा रहेको बालनगीत गुरुले झिक्ने, त्यसलाई अन्यले छोपी दोहोऱ्याउँछन र नाच्छन् ।त्यसैका आधारमा विविध पात्रले अभिनय गरी दर्शकलाई मनोरञ्जन दिलाउँछन् ।

## ३.२ बालनको उत्पत्ति

बालनको उत्पत्तिका सम्बन्धमा बालनगीतलाई केलाउँदा ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त प्रयासबाट बालनको उत्पत्ति भएको स्पष्ट हुन्छ ।बालनको विषयवस्तु श्रीमद्भागवतबाट लिइएको हो ।व्रह्मा विष्णु र महेश्वरको संयुक्त प्रयासबाट बालनको उत्पत्ति गरी प्रचार प्रसारको जिम्मा व्यासलाई दिइएको हो ।बालनको जन्मदाता व्रह्मा, विष्णु र महेश्बार हुन् ।यिनै त्रिदेव हाम्रा गुरु हुन् ।यिनको हामी ध्यान गर्छौं भनी बालन प्रदर्शनको प्रारम्भमा भनिन्छ र बालन खेलिन्छ ।

हो ............ ब्रह्मा, विष्णु, महेश्वर वसी पञ्चै बालन जमाए,

हो ............ ब्रह्मा, विष्णु, महेश्वर रूपी गुरुको गर्छौं ध्यान ।

हो ............ श्रीमद् भागवतको रसै र खिची बालनको उत्पत्ति भयो,

हो ............बालन जमाई वियासलाई दिया बालनको प्रारम्भ भयो ।

ब्रह्मालाई सृष्टिकर्ताका रूपमा लिइएको छ ।वेदको उत्पत्ति ब्रह्माबाट नै भएको हो भनी वेदमा ज्ञानका प्रतिमूर्तिका रूपमा ब्रह्मालाई स्वीकारिँदै आइएको छ ।श्रीमद्भागवतकोविषयवस्तुलाई आधार बनाई बालनगीत ब्रह्माबाट गाइयो ।त्यसैगरी शिवलाई नटेश्वर या नृत्यका ईश्वर वा प्रारम्भकर्ता मानिन्छ ।विष्णु अभिनयमा दक्ष र कुशल छन् भन्ने प्रमाण राम, कृष्ण, वामन आदिको मानवीय रूप, माछो, कछुवा, आदिको मानवेतर रूप र नृसिंहको उभयरूपी अवतारबाट सावित हुन्छ ।त्यसैले बालनमा पनि अभिनयको काम विष्णुबाट भयो अनि बालन नाट्यको प्रारम्भ भयो ।अथवा ब्रह्मा (गीत), शिव (नृत्य) र विष्णु (अभिनय) यी तीन तत्त्वको संयुक्त रूपनै बालनका रूपमा लोकमानसभा जन्मियो र उनैका संभ्कनामा धार्मिक तथा मनोरञ्जनका उद्देश्यले प्रदर्शन गर्न थालियो ।यस क्षेत्रमा प्राप्त बालनगीतको आधार लिदा बालनको उत्पत्ति ब्रहमा, विष्णु र महेश्वरबाट भएको हो ।बालनका गीत नृत्य र अभिनयलाई नै त्रिदेवको स्वरूप मान्न सकिन्छ ।

बालन उत्पत्तिका सम्बन्धमा श्रीमद्भागवतको प्रसङ्गलाई प्रामाणिक आधारको रूपमा लिन सकिन्छ ।बालन नाटकको उत्पत्तिस्थल भारतको वृन्दावनलाई मान्न सकिन्छ ।वृन्दावनका गोपिनीहरू नै बालनका आदिगुरु हुन् ।जुन गोपिनीहरूले श्री कृष्णको अन्वेषण गर्ने क्रममा श्री कृष्णको अभिनय गरेका थिए ।श्रीमद्भागवतको दशमस्कन्धको २९ अध्यायदेखि ३३ अध्यायमा वर्णित प्रसङ्ग अनुसार शरद् पूर्णिमाको रात्रिमा भगवान् श्रीकृष्णको मूरलीको स्वरले मन्त्रमुग्ध भई भगवानको दर्शनका लागि आतुर भएका गोपिनीहरू वंशीवट (वृन्दावन वनको रमणीय वन) मा जम्मा भए ।त्यही वनमा भगवान् श्री कृष्णले गोपिनीहरूलाई दर्शन दिनुभयो अनि भगवानको सवैलाई रासलीला देखाउने इच्छा भयो ।तर सोही अवसरमा गोपिनीहरूमा अहमता जागृत भएकाले भगवान् श्रीकृष्ण अन्तर्ध्यान हुनुभयो ।भगवान् श्रीकृष्णको वियोगबाट छट्पटिएका गोपिनीहरू कृष्णको खोजीमा यत्रतत्र लागे (श्रीमद्भागवत दशमस्कन्ध अध्याय ३० को १४-२३ श्लोक) यिनीहरूले कृष्णलाई फेला पार्न सकेनन् अनि तिनै गोपिनीहरू पुलिन नदीको किनारमा गएर कृष्णले जन्मदेखि त्यस दिनसम्म गरेको सबै कामको अभिनय गरे ।यस अभिनयलाई कृष्णलीला भनिन्छ ।बालनको कृष्णलीलाको उत्पत्ति त्यहीबाट भएको भन्न सकिन्छ ।'महाभारतको कथा अनुसार भगवान् श्रीकृष्णका छोरा प्रद्युम्नको विवाहमा

'रामायण' नृत्यको प्रदर्शन भएको उल्लेख छ ।रामलीलाको पहिलो प्रदर्शन यही नै हो भन्न सकिन्छ (पराजुली, २०५८:७८) ।

महाभारत तथा श्रीमद्भागवत महापुराणको आधारमा लोकनाटकको क्षेत्रमा बालन लोकनाटकको उत्पत्तिस्थल वृन्दावन हो ।

## ३.३ बालनको विकास तथा प्रदर्शन परम्परा

लोकसाहित्य तथा लोकनाटकको विकास परम्परा जस्तै बालनको परम्परा पनि धेरै पुरानो छ, गोपिनीद्वारा गरिएको कृष्णलीलाको अभिनय तथा प्रद्युम्नको विवाहको अवसरमा गरिएको रामायण नृत्यको प्रदर्शन बालन लोकनाटकको प्राचीन रूप हो ।त्यसपछि विभिन्न धार्मिक तथा संस्कारमूलक कार्यमा पौराणिक नाटक प्रदर्शन भएको चर्चा पाइन्छ ।ती प्रदर्शन कार्यले बालनको विकास क्रममा टेवा पुऱ्याएका छन् ।यस्ता धार्मिक तथा संस्कारमूलक कार्यमा नाट्य प्रदर्शनको परम्परा लिच्छविकालदेखि नै नेपालमा रहेको चर्चा पाइन्छ ।मल्लकालमा त यसको परम्परा निकै भेटिन्छ ।जयस्थिति मल्लले आफ्ना छोरा धर्म मल्लको जन्म, उपनयन तथा विवाहका अवसरमा क्रमशः 'चारअङ्के रामायण' ने.सं. ४८७, 'बाल रामायण' ने.सं. ४९७, 'भैरवानन्द' ने.सं. ५०३, प्रदर्शन गराएका थिए ।रणजित मल्लले आफ्नो इष्टदेवताको लागि ठूलोघण्ट चढाउँदा ने.सं. ८५९ मा 'कृष्ण चरित्र' नाटक देखाएको उल्लेख गरेको पाइन्छ (तमोट, २०३२: ९३) । यस्तै मल्लकालमा पौराणिक विषयवस्तु भएका प्रशस्त लोकनाटकको अभिनय भएको चर्चा पाइन्छ ।यिनीहरूबालन प्रदर्शनको विकासलाई निरन्तरता दिने नाटक नै हुन् भन्न सकिन्छ ।

विभिन्न धर्म प्रचार प्रसारका क्रममा अभिनित कृष्ण रामलीलाहरूले बालन प्रदर्शनको निरन्तरतालाई सहयोग पुऱ्याएका छन् ।वल्लभाचार्यको कृष्णभक्ति आन्दोलन यसको उदाहरण भन्न सकिन्छ ।

नेपाली साहित्यमा भक्तिधाराको प्रवेशले बालन लोकनाटकलाई जीवन्त र समृद्धशाली बनायो र बनारसबाट नेपाली भाषामा श्रीकृष्ण चरित्रको प्रकाशन र भानुभक्तद्वारा संस्कृत 'रामायण'लाई नेपाली भाषामा अनुवाद गरिएपछि नै कृष्णलीला र रामलीला सम्बन्धी बालनले नेपाली जनमानसमा मूर्तरूप लिन थाल्यो ।तिनै कृष्ण चरित्र र रामायण मूल ग्रन्थलाई आधार बनाएर पण्डित तथा भजनेहरूले बालन गीत तयार गर्न थालेको अनुमान गर्न सकिन्छ ।यसरी भक्तिधाराको प्रवेशले बालन निकै चर्चित र लोकप्रिय

हुनपुग्यो ।पछि काशीबाट विभिन्न किसिमका बालनगीतहरू प्रकाशित पनि भए ।अंग्रेजसँगको युद्ध परिणामले त्रसित नेपाली हृदयले सन्तोषको सास फेर्न र आत्मिक आनन्दका लागि बालन नाटकलाई आत्मसाथ गरको अनुमान हुन्छ ।

नेपाली बालन लोकनाटकको विकास तथा अध्ययन परम्परालाई मोतिलाल पराजुलीले निम्न चरणमा विभाजन गरेका छन् ।

१. पृष्ठभमि : विराट राज्यदेखि वि.सं. १९०३ सम्म भक्तिपरक नाट्य परम्परा,

२. प्रारम्भ : वि.सं. १९०४-२०१२ बालन लेखन र प्रदर्शन परम्परा,

३. विकास : वि.सं. २०१३ देखि हालसम्म-सङ्कलन अध्ययन र विश्लेषण परम्परा,

१. पृष्ठभमि : विराट राज्यदेखि वि.सं. १९०३ सम्म भक्तिपरक नाट्य परम्परा,

'महाभारतको कथा अनुसार पाण्डवहरू अज्ञात वासका लागि विराट राजाका दरवारमा रहदा अर्जुनले बृहन्नलाका रूपमा रहेर राजकुमारी उत्तरालाई सङ्गीत तथा नृत्य शिक्षाको ज्ञान दिएका थिए (पराजुली, २०५८: ३९) यसबाट नाटकको अध्ययन परम्परा पौराणिक कालदेखि नै भएको देखिन्छ ।यस समयमा खास गरेर भक्तिपरक लोकनाट्यको परम्परा थियो ।

नेपालमा लिच्छवी राजा चम्पादेवको समयमा 'चारअङ्के रामायण' नृत्य देखाएको उल्लेख पाइन्छ ।सम्भवत : नेपालको पहिलो भक्तिपरक नाटक यही नै हो ।मल्लकालमा पनि प्रशस्त नाटकहरू देखाइएको थियो ।ती सबै नाटक भक्तिपरक नै थिए ।'हरिश्चन्द्र नृत्यम्' १७०८, 'चारअङ्के रामायण नाटक' 'श्रीकृष्ण चरित्र नाटक' 'हरगौरी विवाह' 'उषाहरण नाटक' 'श्रीकृष्ण चरित्र नाटक' आदि सबै नाटकहरूलाई बालनकै विकसित रूप मान्न सकिन्छ ।

## २. प्रारम्भ : वि.सं. १९०४-२०१२ बालन लेखन र प्रदर्शन परम्परा

यस समयभन्दा अघि पछि पनि बालन लेखन र प्रदर्शन भएको भेटिएतापनि बालन लेखन र प्रदर्शन उर्वर समय यस समयलाई नै मान्न सकिन्छ ।यस समयमा बालन लेखन र प्रदर्शन प्रशस्त मात्रामा भएको भेटिन्छ ।'अध्यात्म रामायणको बालुन' पतञ्जली गजुऱ्याल १९०४ (अप्रकाशित राष्ट्रिय अभिलेखालय) 'हंस भारत बालुन' रामदिल उपाध्याय १९०७( अप्रकाशित राष्ट्रिय अभिलेखालय ) जैमिनी भारतकोभाव सारार्थबालुन १९३४, पतञ्जली गजुऱ्याल, विराटपर्वकोबालुन १९३४,विश्वजीतलीला, मेदिनी प्रसाद १९५६ नरान्तक लीला,

धनप्रसाद शर्मा१९६२ रामायणकोबालुनपूर्णानन्द १९६९, पतिव्रता सावित्री चरित्रखेल, सिंहदरबार नाचघरमा खेलिएको १९७२, नागलीला प्रोग्राम, पशुपति, छापाबाटप्रकाशित( १९७४) आछामको छोरी'केवलानन्द' १९८८, (रामलीला र कृष्णलीला समेतछोरी गीता) नेपाली सङ्गीत रामायण बालकाण्ड र अयोध्याकाण्ड) तुलसी प्रसाद ढुङ्गेलरामायणखण्डबालननाटक'लेखकनखुलेकोलोकसंस्कृतिको घेरामा लम्जुङमा प्रकाशित रासलीलातारानाथ उपाध्यायद्धाररचना गरिएको मितीनखुलेको आदि यस समयका प्राप्त प्रमुख बालन हुन् ।

### ३. विकाश : सङ्कलन र विश्लेषण परम्परा वि.सं. २०१३ देखि अहिलेसम्म

नेपाली लोकनाटकको सङ्कलन, अध्ययन र विश्लेषण सत्यमोहन जोशीको नेपाली लोक संस्कृति १०१३ बाट प्रारम्भ हुन्छ ।यसपछि विश्व विद्यालयको शोधार्थी तथा संघ संस्थाहरूको यस प्रति दृष्टिकोण जान्छ ।'रोधीघर' लक्ष्मण लोहनी २०१३, नेपाली जनसाहित्य काजीमान् कान्दाङ्वा 'मेरो नेपाल भ्रमण' धर्मराज थापा २०१६, हिमाली लोकसाहित्य योगी नरहरीनाथ, 'गण्डकीका सुसेली' धर्मराज थापा, नेपाली लोकसाहित्यको विवेचना, धर्मराज थापा र हंसपुरे सुवेदी २०४१, 'बालन गाथाको झलक' सुविशाह २०२८, नेपाली लोकगीतको आलोक' कृष्णप्रसाद पराजुली २०५७, नेपाली लोकसाहित्य चुडामणि बन्धु २०५८, पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण' सावित्री मल्ल २०५२, नेपाली लोकनाट्य मोतिलाल पराजुली (अप्रकाशित पाण्डुलिपी), नेपाली लोक संस्कृतिको इतिहासमा बालन लोकनाटक' इश्वरी सुवेदी २०५९, (स्नातकोत्तर शोधग्रन्थ) आदि कृतिहरू लोकनाटक बालनका सङ्कलन अध्ययन र विश्लेषणका दृष्टिकोणले महत्त्वपूर्ण छन् ।

उपर्युक्त कृतिबाहेक अन्य विद्वानहरूले पनि बालनको अध्ययन र विश्लेषणमा आफ्ना कलम चलाएका छन् ।पौराणिक काल देखि प्रदर्शन भै आएको बालन अब लिखित रूपमा मात्र सीमित रहने अवस्थामा पुगेको छ तापनि छिट्पुट रूपमा प्रायः ग्रामीण समुदायमा भने प्रदर्शन परम्परा कायमै छ ।

## ३.४ बालनका विशेषताहरू

बालन लोकनाटक हो ।त्यसैले लोकनाटकका विशेषता बालनका पनि विशेषता हुन् ।बालनका केही विशेषताको चर्चा गर्नु वाञ्छनीय होला ।यहाँ केही प्रमुख विशेषताको चर्चा गरिएको छ ।

### ३.४.१ नान्दी

रङ्गमञ्चमा विघ्न शान्तिका लागि सुत्रधार (नाट्यगुरु) सहितको नट समुदायको नाट्कीय कार्य व्यापार सुरु गर्नु भन्दा पहिले आयोजित गर्ने पूर्वरङ्गको मूख्य नान्दी हो ।..........

बालन प्रदर्शनमा पहिले गरिने पूजा तथा इष्टदेव प्रार्थनालाई नान्दीको रूपमा लिन सकिन्छ ।

जस्तै : हो ......... राष्ट्रदेव पशुपति तमु रक्षे गर

हामी खेल्छौ कृष्णको लीला

तमु रक्षे गरे हमु रक्षे होला

गाउँछौ खेल्छौ तिम्रै लिला ।आदि

### ३.४.२ आशिका

नाट्य अभिनयको अन्त्यमा कुनै पूज्यजनबाट नायकका वंशका साथै लोक कल्याणका लागि प्रकट गरिने कामनालाई 'भरतवाक्य' भन्ने गरिएको छ ।बालन प्रदर्शनको अन्त्यमा बालनको आयोजक तथा दर्शकको कल्याणको लागि पढिने आंशिक गीतलाई भरत वाक्यको रूपमा लिन सकिन्छ ।

आशिका केही अंश यस्तो छ ।

हो ....... स्वस्ति कुशल आयु धेरै रही

दर्शक रहुन चिरञ्जिवी नि ह..... इ (है)

### ३.४.३ आनुष्ठानिकता

बालनको सुरुमा इष्टदेवको स्मरण भए पछि बत्ती बाली पूजा गरिन्छ अनि त्यही पूजामा चढाइएको अक्षता फुलमाला सबै बालने भाइ (बालन खेल्ने कलाकारको समूह)लाईलगाइन्छ

र खेल सुरु गरिन्छ ।अन्त्यमा आरती गरी विधि पूर्वक समापन गरिन्छ ।त्यसैले आनुष्ठानिकता बालनको अर्को विशेषता हो ।

### ३.४.४ पुरुषपात्रको प्रयोग

सबै लोक नाटकमा प्रायः पुरुषपात्रद्वारा पुरुष र सूत्री दुवै पात्रको अभिनय गरिन्छ ।बालनमा पनि स्त्रीका साथै मानवेतर (मृग, बाँदर) आदर्शपात्र देव देवी तथा क्रुरपात्र राक्षस दानव आदिको पनि अभिनय गर्ने गरिन्छ ।पुरुष पात्रको प्रयोग पनि बालनको विशेषता हो ।

### ३.४.५ अनौपचारिक लोकमञ्च

बालन प्रदर्शन घर, आंगन, खुल्ला चौर जस्तो सुकै स्थानमा पनि गरिन्छ, त्यसैले मञ्च सामान्य हुन्छ ।मञ्चको कुनै निमय हुदैन, जस्तोसुकै ठाउँमा पनि प्रदशित हुनु यसको विशेषता हो ।लोकनाटकमा प्रचलित चार शैली (मारुनी, लीला, समूहलास्य र भारतशैली) मध्ये बालन दुई शैली (मारुनी र लीला शैली) मा प्रदर्शित भएको भेटिन्छ ।

## ३.५ बालन लोक नाटकको संरचना

बालन लोकनाटक विभिन्न तत्त्वहरूको समायोजनमा संरचित छ ।बालनको संरचनामा निम्नानुसार तत्त्वहरू भेटिन्छ ।

### ३.५.१ कथानक

कथाले घटनावलीलाई मूर्तरूप दिने काम गर्दछ ।त्यसैले नाटकको एक प्रमुख तत्त्व कथा हो ।बालनको कथानक पौराणिक विषयवस्तुमा आधारित हुन्छ, कथा संयोगान्त नै हुन्छ ।राम कृष्ण तथा विभिन्न अवतारका लामा लामा चरित्रलाई एकै रात अथवा ६/७ घण्टामा नै अभिनय गर्न सकिने गरि कथावस्तु तयार पारिएको हुन्छ ।यसका लागि आवश्यकता अनुसारका घट्नालाई टिपी कथानक तयार पारिन्छ ।त्यसैले कथानक टुक्रे हुन्छ ।कथा गीतकै रूपमा अगाडि बढेको हुन्छ ।कथा गीतबद्ध र लयात्मक हुन्छ ।

### ३.५.२ पात्र

कथाले घटनावलीलाई मूर्तरूप दिने क्रममा पात्रहरूको भूमिका अपरिहार्य हुन्छ ।पात्र पनि बालनको एक प्रमुख तत्त्व हो ।बालनको कथावस्तु पौराणिक विषयवस्तुमा आधारित हुने हुँदा यसको चरित्र पात्र पनि पौराणिक (राम, कृष्ण, गोपनी, कंश, पुतना, रावण, बाँदर, भालु, मृग आदि) नै हुन्छन् ।बालन प्रदर्शनका क्रममा भूमिका निर्वाह गर्ने कलाकार वा अभिनय गर्ने पात्रहरू पुरुष मात्र हुन्छन् ।तिनीहरू पाँच प्रकारका हुन्छन् ।

#### ३.५.२.१ गुरु

बालनको सम्पूर्ण कार्यहरू गुरुकै निर्देशनमा सम्पन्न हुने गर्दछ ।बालनको गीत झिक्ने काम पनि गुरुबाटै हुन्छ ।त्यसैले गुरु बालनको एक मुख्य पात्र हो ।गुरुलाई निर्देशक व्यास, रौरा आदि नामले पनि पुकारिन्छ ।

#### ३.५.२.२ नर्तक/नर्तकी

बालनगीतमा नाच्ने ६ वा ८ जना नर्तक समूह हुन्छ ।यिनीहरू दुई समूहमा विभाजित भएर एकसाथ बालन गीतमा नाच्दछन् ।यो नाचलाई कतै तहरी नाच, कतै मालको नाच त कतै आठभाइको नाच भन्ने गर्दछन् ।बालनको भजन वा चुड्का गीतमा २/४ जना नर्तकीहरू (पुरुष नै स्त्रीको भेषमा सिँगारिएका) नाच्दछन् ।भजन/चुड्का नाचमा पुरुष नर्तक र महिला नर्तकी नाच्न सक्दछन् तर बालनगीतमा भने पुरुष नर्तकहरू मत्र नाच्दछन् ।

#### ३.५.२.३ वाद्यवादन टोली तथा गायक

बालनको कथानकलाई बालन गीतले अगाडि बढाएको हुन्छ भने त्यही विषयवस्तुसँग सम्बन्धित भजन चुड्काले दर्शकलाई थप मनोरञ्जन दिन्छ ।बालनगीत बालनका गुरुले झिक्छन् ।र नर्तकहरूले त्यसैलाई छोपी गाउँछन् नर्तक नै गायक बन्दछन् ।भजन चुड्का गाउने ६/७ जनाको टोली हुन्छ ।जसलाई भजनटोली वा भजनीया भन्दछन् ।तिनै भजनियाले गाउने र बजाउने दुवै काम गर्दछन् ।भजन गाउनेले लय, सुर,

ताल मिलाएर खैजडी मुजुरा बजाउँदछन् ।तसर्थ बालनमा गायन र वाद्यवादन टोली एउटै हुन्छ ।

### ३.५.२.४ अभिनय गर्ने

बालनमा अभिनय गर्ने करिब २०/२२ जनाको टोली हुन्छ जुन टोली/समूहलाई 'विधिका भाइ' भनेर भनिन्छ ।यिनीहरूले बालनगीतमा वर्णित घटनाको अभिनय गर्ने गर्दछन् ।यो समूहमा दर्शकलाई हसाएर मनोरञ्जन प्रदान गर्न हास्यपात्र वा जोकर पात्र पनि हुन्छन् ।तिनीहरूले समसामयिक विषयवस्तुलाई चट्ट टिपेर टुक्रे, अभिनय गर्दछन् र दर्शकलाई मनोरञ्जन दिन्छन् ।यस्ता अभिनयमा सामाजिक विकृति तथा समसामयिक स्थान पाउने हुँदा सँधै एकै किसिमको हुँदैन् ।

### ३.५.२.५ रक्षक

अन्य समारोहमा स्वयं सेवकले गर्ने काम यिनले गर्दछन् ।बालनमा २/३ जना रक्षक पात्र हुन्छन् ।यिनीहरू पुलिस वा सैनिकको भेषभूषामा सिँगारिएका हुन्छन् ।हातमा नक्कली वन्दुक लिन्छन् ।बालन देखाउने वा खेल्ने ठाउँमा मानिसको अतिक्रमण रोक्ने, दर्शकलाई हल्ला गर्न नदिने यिनीहरूको मुख्य काम हो ।

### ३.५.३ सङ्गीत

गीत, नृत्य र वाद्यको संयुक्त रूप सङ्गीत हो ।बालनमा लोक सङ्गीतको प्रयोग गरिन्छ ।स्थान तथा जाति अनुसार सङ्गीत फरक फरक हुन्छ ।बालनमा मादल, खैंजडी, मुजुरा, चाँप करताल जस्ता लोक बाजाकोप्रयोग गरिन्छ ।

### ३.५.४ अभिनय

नाट्यशास्त्रमा आङ्गिक, वाचिक, आहार्य र सात्विक गरी चार प्रकारको अभिनयको चर्चा पाइन्छ ।यी मध्ये तीन तहका अभिनय बालनमा भेटिन्छ ।अन्य अभिनयको तुलनामा सात्विक अभिनय गौण रहन्छ ।त्यसलाई कम मात्रमा अपनाइन्छ ।

### ३.५.५ संवाद

बालनको कथावस्तु गीतकै माध्यमबाट अघि बढ्ने हुदाँ संवाद गीतकै लयमा हुन्छ ।यस्तो संवाद सुत्रात्मक र सांकेतिक हुन्छ ।संवाद सधै एकैनासको हुदैन, स्थान, समय

तथा दर्शकको इच्छालाई मध्यनजर गरी लामा, छोटा, उपदेशात्मक र मनोरञ्जनात्मक संवादको प्रयोग गरिन्छ ।

### ३.५.६ भेषभूषा

बालनमा नाच्ने बालनेहरूले दौरा, सुरवाल, आस्कोट र टोपी लगाउँछन् ।गुरुको कुनै निश्चित पोशाक हुँदैन ।जस्तै महिलाको भूमिका गर्नुपर्ने अवस्थामा पुरुषहरूले नै साडी, ब्लाउज मजेत्रो लगाएर सिँगारिन्छन् ।रक्षकले सैनिक वा प्रहरी पोशाक लगाउँछन् ।जोक्करले भेषभूषा पनि ठट्यौली खालको नै प्रयोग गर्दछन् ।

### ३.५.७ मञ्च

बालन सामान्य लोकमञ्चमा प्रदर्शन गरिन्छ ।घर, आँगन, चौतारा, खुल्लाचौर आदि नै बालनको मञ्च हो ।आजभोली सभा समारोहमा प्रस्तुत गरिने बालनमा पहिले नै तयार भैसकेको मञ्च हुन्छ ।

### ३.५.८ भाषा

बालनमा स्थानीय भाषाले पनि महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ ।भाका र लय मिलाउने क्रममा भाषिक शुद्धताको खासै ख्याल हुँदैन प्राय पुरानो हजुरबाको पालाको नेपाली भाषाको प्रयोग पाइन्छ ।

शैली बालनमा धेरै लीला शैली र कम मात्रामा मारुनी शैलीमा अभिनय गरिन्छ ।बालन लोकनाटकमा नाट्य तत्त्व प्रवल हुन्छ ।बालनमा आहार्य, वाचिक र आङ्गिक अभिनय सशक्त पाइन्छ ।

### ३.५.९ उद्देश्य

बालनको उद्देश्य धार्मिक, नैतिक र मनोरञ्जन प्रदान गर्नुका साथै लोकसंस्कृतिको जगेर्ना गर्नु पनि रहेको पाइन्छ ।

## ३.६ बालनको वर्गीकरण

बालन पौराणिक विषयवस्तुमा आधारित लोकनाटक हो ।बालनमा राम, कृष्ण आदि देवताको कथावस्तुलाई समसामयिक ढङ्गले प्रस्तुत गरिन्छ ।नेपालका धेरैजसो ठाँउमा भगवान् श्रीकृष्णका चरित्रमा आधारित बालन प्रस्तुत गरिन्छ ।त्यस्तै मर्यादा पुरुषेतम भगवान् रामचन्द्रले गरेका कार्यहरूलाई बालन खेल्ने कार्य पनि प्रशस्त मात्रामा पाइन्छ ।राम र कृष्णको तुलनामा अन्य देवी देवताको चरित्रमा आधारित भएर बालन कम मात्रामा खेल्ने खेलाउने गरिन्छ तसर्थ बालनलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

बालन
- कृष्ण → चरित्रमा आधारित बालन
- राम → चरित्रमा आधारित बालन
- विविध → चरित्रमा आधारित बालन

### ३.६.१ कृष्ण चरित्रमा आधारित बालन

भगवान विष्णुका प्रमुख दश अवतार मध्ये श्रीकृष्णावतारलाई आठौँ र पूर्णावतारका रूपमा लिइन्छ ।श्रीकृष्णले गरेका अनौठा लीला धेरै भएपनि बालनमा देवकी वसुदेव विवाह प्रसङ्ग देखि कृष्णका बाललीला हुँदै कंशको मृत्यु पर्यन्तको कथावस्तुलाई प्रस्तुत गरिन्छ ।

### ३.६.२ राम चरित्रमा आधारित बालन

भगवान् विष्णुकै एक मुख्य अवतारका रूपमा भगवान् रामचन्द्रलाई मानिन्छ ।रामचन्द्रको चरित्र पनि धेरै लामो छतर बालनमा मुख्य-मुख्य घट्नालाई टिपेर छोटकरीमा कथानक तयार पारी प्रस्तुत गरिन्छ ।बालनमा राजा दशरथका चारभाइ छोराको जन्म, राम सीताको विवाह, रामको वनवास, सीताहरण, बालिवध, राम-रावग युद्ध, अयोध्यामा रामचन्द्रको राज्यारोहण आदि घटनामा अभिनय प्रस्तुत गरिन्छ ।

### ३.६.३ विविध चरित्रमा आधारित बालन

भगवान विष्णुका राम र कृष्ण अवतार बाहेक अन्य विभिन्न अवतारमा र पौराणिक चरित्रहरूमा पनि बालन लोकनाटक खेल्ने खेलाउने गरिन्छ ।जस्तै भगवन् विष्णुका अन्य अवतारहरूमा (मत्स्य, कुर्म, बराह, नृसिंह, वामन, धन्वन्तरी, मोहिनी, वृद्ध, कल्की आदि, हरिश्चन्द्र राजा र वृषासुरवध आदिलाई पनि आधार मानेर बालन लोकनाटक प्रस्तुत गर्ने

गरिन्छ ।उपर्युल्लिखित सबै चरित्रमा एकैरात, एकै बसाइमा बालन प्रस्तुत गर्न नभ्याइने भएकाले कुनै एक चरित्रलाई मुख्य आधार बनाइ एकपटकमा बालनको प्रस्तुति गरिन्छ ।

## ३.७ बालनको विवेचना

### ३.७.१ काव्यशास्त्रीय विवेचना

“लोकसाहित्यलाई पनि काव्यशास्त्रीय मूल्य र मान्यताका आधारमा विश्लेषण गर्न सकिन्छ ( पराजुली, २०५८ः १५४) । बालन लोकसाहित्यकै लोकनाटक अन्तर्गत पर्ने विधा हो ।अहिले सम्म लोकसाहित्यको सामाग्रीलाई काव्यशास्त्रीय दृष्टिले मूल्याङ्कन गर्ने काम खासै भैसकेको छैन ।कतिपय विद्वानहरूले लोकसाहित्यको काव्यशास्त्रीय मूल्याङ्कन जाँच गर्दा कलात्मकता हराउने विश्लेषण पनि गर्दछन्,तरपनि लोकसाहित्यमा काव्यशास्त्रीय गुण विशेषता र तत्त्वहरू हुन्छन् ।नाटकमा आख्यान तत्त्व, काव्य तत्त्व र नाट्यतत्वको संयोजन हुन्छ ।तसर्थ बालन पनि नाटक नै भएकाले यसको तत्त्वलाई विश्लेषण गरिन्छ ।

### ३.७.२ छन्द

छन्द भनेको लय वा भाका हो ।छन्दले काव्य वा कृतिलाई सरस, सरल, रोचक, रुचिपूर्ण र मीठास भर्ने काम गर्दछ ।हुनतः छन्द शास्त्रीय नियमको परिधिमा रहन्छ ।नियम भित्र नआएका लय वा भाकालाई छन्दविहिन भनिन्छ ।बालनमा भजन चुड्का ख्याली र श्लोकहरूको प्रयोग गरिन्छ ।यिनीहरू सबैले मनलाई आल्हादिन पार्ने लय र भाकामा हुन्छन् ।सबै लय र भाकालाई शास्त्रीय नियमले बाध्न नसकेका लोकगलाबाट भित्रेका श्रोतालाई मीठास दिने लय वा छन्दहरूबालनमा पाइन्छ ।

### ३.७.३ अलङ्कार

अलङ्कारले गहनाको काम गर्दछ ।एउटी नारीलाई गहनाले जसरी सौन्दर्य बढाउँछ त्यसरी नै अलङ्कारले काव्यको श्रुतिमधुरता र सौन्दर्य बढाउँछ ।कतिपय विद्वानले अलङ्कारलाई काव्यको आत्मा मान्दछन् ।अलङ्कार दुई प्रकारको हुन्छ (१) शब्दाऽलङ्कार ( २) अर्थाऽलङ्कार, बालनमा शब्दाऽलङकार दुवैको प्रयोग भेटिन्छ ।

### (१) शब्दाऽलङ्कारमा बालन

शब्दाऽलङ्कारले काव्यको श्रुतिमधुरता बढाउने काम गर्दछ ।बालनगीतमा अनुप्रासशब्दाऽलङ्कारको प्रयोग भएको पाइन्छ ।

### क) अन्त्यानुप्रास

'पाउको अन्त्यमा वर्ण वा स्वरको आवृति हुँदा अन्त्यानुप्रास अलङ्कार हुन्छ (श्रेष्ठ, २०५१: ११७) ।

हो...... पूतनाले सुन्दरी भै स्तनपान गराई,
विष खुवाइ सबै बालक मराई ।

यहाँ दुवै पाउको अन्त्यमा गराई र मराई आवृत्ति भएकाले अन्त्यानुप्रास अलङ्कार छ ।

### ख) वृत्यनुप्रास

धेरै वर्ण वा शब्दहरूको नियमित वा अनियमित निरन्तर आवृति भएमा वृत्यनुप्रास हुन्छ ।

जस्तै : हो........ कुशलाई जल, कुशलाई थल
कुशलाई वहन्ति वायु ।

-कृष्णलीला बालन

यहाँ कुश शब्दको आवृति भएको छ ।त्यसैले वृत्यनुप्रास अलङ्कार छ ।

### (२) अर्थाऽलङ्कार

अर्थाऽलङ्कारले काव्यको अर्थलाई सौन्दर्यताछर्दछ ।बालनमा धेरै अर्थाऽलङ्कारको प्रयोग भएपनि केहीलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

### क) अतिशयोक्ति अलङ्कार

कुनै कुराको वर्णन सीमा नाघी अलि बढी गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ ।

जस्तै : हो ......... दहेलीमा अटाइन मझेरीमा सुहाइन,
जानुस बाबा बर खोजी ल्याउन ।

यहाँ छोरी देवकाले बावु उग्रसेनलाई मेरो विवाह गरिदिनुपऱ्यो म दैलोमा अटाइन र मझेरीमा सुहाइन जस्ता अतिशयोक्ति भाव बोकेको अतिशयोक्ति अलाङ्कार प्रस्तुत छ ।

**ख) मालदीपक अलङ्कार**

सङ्ख्याबाचक शब्दहरू क्रमैले एक पछि अर्को गरी साङ्लो परेझैँ गरी प्रयोग भएमा मालदीपक अलङ्कार हुन्छ ।

जस्तै : एक्का बाजे हो बाजे एउटी बजै रे ।

यहा सङ्ख्यावाचक शब्दहरू पटक पटक आएकोले मालदीपक अलङ्कार छ ।

**३.७.४ बालनमा रस**

साहित्यमा चर्चा गरिने नवरस ने बालनमा प्रयोगमा आउँदछ, तर साहित्यको नवरसका वाहेक 'भक्तिरस पनि बालनमा प्रयोग हुन्छ ।' 'लोकनाटकमा दशवटै रसको प्रयोग भेटिन्छ (पराजुली, २०२८ :१५९) ।बालनमा लोकनाटकमा नाट्यतत्व प्रवलताका साथ रहेकोले मञ्चित अवस्थामा नै दर्शकले पूर्ण रसानुभूति गर्न सक्दछ ।

बालन राम कृष्ण आदि देवताको चरित्रलाई आधार मानेर खेलिने लोकनाटक हो जसको उद्देश्य इश्वर भक्ति पनि हो ।भगवानमा अनुराग राखेर उनैका गाथा गाइन्छ ।भगवानलाई भक्तवत्सलका रूपमा चित्रण गरिन्छ ।

बालननाटकमा अङ्गी रसका रूपमा भक्तिरस रहेको हुन्छ ।ईश्वरशक्ति यसको स्थायी भाव हो ।ईश्वर आलम्वन विभाव हो ।भक्तवत्सलता उडि्पन विभाव हो ।ईश्वरप्रतिको अनुराग अनुभव हो ।शक्ति वैराग्य सञ्चारी भाव हो ।

## परिच्छेदचार

# किहुँ क्षेत्रमा प्रस्तुत गरिने कृष्णचरित्रमा आधारित बालनको अध्ययन

## ४.१ कृष्ण चरित्रमा आधारित बालनको परिचय

हिन्दुदर्शनका १८ पुराणमा भगवान् विष्णुको २४ अवतारको वर्णन गरिएको छ ।२४ अवतार मध्ये दश अवतार (मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, राम, परशुराम, कृष्ण, वुद्ध र कल्की)लाई मुख्य अवतार मानिन्छ ।दश अवतारमा कृष्णवतारलाई आठौँ अवतारका रूपमा लिएको छ ।वसुदेव र देवकीका आठौँ पुत्रका रूपमा अवतरित भएर धेरै अनौठा लीला गरेको वर्णन हाम्रा सबै पुराणहरूले वताएका छन् ।कृष्णलाई पूर्णावतारको रूपमा लिइन्छ ।तिनै कृष्णले गरेका लीलाहरूलाई आधार बनाएर कृष्ण चरित्रमा आधारित बालन खेल्ने खेलाउने गरिन्छ ।देवकी वसुदेवको विवाहदेखि कृष्ण जन्मका केही बाललीला अनि अन्त्यमा कंशको अन्त्य सम्मका विषयवस्तुलाई आधार बनाएर कृष्णलीला बालन खेल्दछन् ।बालन लोकनाटकमा नेपाली समाज, सभ्यता, रहनसहन, रीतिरिवाज, संस्कृति तथा परम्परालाई प्रशस्त मात्रामा भेटिन्छ ।बालन खेल्ने कलाकारले बालनलाई आफ्नोपनले रङ्गाएर प्रस्तुत गर्ने गर्दछन् ।

यो कृष्णलीला बालन पहिले स्याङ्जा जिल्लाको रत्नपुर गा.वि.स.मा, स्याङ्जा जिल्लाकै क्याक्मी गा.वि.स.को चाङ्सिङ् कमौसामा पनि देखाइने त्यहाँका वुढापाकाहरूको अनुभव र भनाइबाट ज्ञात हुन्छ तर अहिले यस क्षेत्रमा बालन देखाइँदैन ।अहिले तनहुँ जिल्लाको भिमाद, अरुणोदय र किहुँमा प्रदर्शन भैरहेको छ ।त्यस्तै पाल्पाको रामपुरमा धर्मोदय दशावतार बालन समूहद्वारा नियमित रूपमा बालनको प्रदर्शन गर्ने गरिन्छ ।

## ४.२ किहुँ क्षेत्रको सामान्य परिचय

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र किहुँ भएकाले यहाँको सामान्य ऐतिहासिक, भौगोलिक, सामाजिक तथा सास्कृतिक परिचय प्रस्तुत गरिएको छ ।

किहुँ क्षेत्र भन्नाले मुख्य रूपमा तनहुँ जिल्लाको दक्षिण पश्चिमी भाग किहुँ गा.वि.स. र अरुणोदय गा.वि.स.लाई चिनिन्छ ।किहुँ गा.वि.स.लाई तल्लो किहुँ र अरुणोदय गा.वि.स.लाई माथिल्लो किहुँ भन्ने प्रचलन यस ठाउँमा छ ।यस क्षेत्रसँग सम्वन्ध राख्ने गजरकोट, रिसिङ, भिमाद तथा स्याङ्जा जिल्लाको क्याक्मी र चित्रेभञ्ज्याङ पनि प्रभाव

क्षेत्रको रूपमा रहेकोछ ।यस क्षेत्रमा पहिले बाइसे चौविसे राज्यमा नेपाल विभाजित हुँदा सतिकोटे राजाले राज्य गरेको दरवारको भग्नावशेष अहिले पनि देख्न सकिन्छ ।

नेपालको वहुजातीय र वहुभाषिक सामाजिक परिवेशलाई वहन गरेका अधिकांश ग्रामीण वस्ती जस्तै किहुँ क्षेत्र पनि यही विशेषतालाई वहन गरेको ग्रामीण वस्ती हो ।यस क्षेत्रमा अधिकांश ब्राह्मण र मगर जातिले भरिएतापनि अन्य यहाँ दमै, कामी, मुस्लिम, सार्की लगायतका जातजातिको बसोबास रहेको पाईन्छ ।यस क्षेत्रमा मूलतः सत्यनारायण पूजा, श्रीमद्भागवत एकाह, कार्तिक महात्म्य, स्वस्थानी व्रतकथा, छैठी, पास्नी, ब्रतबन्ध, लक्षदीप प्रज्वलन, रुद्राभिषेक गर्ने तथा विविध चाडपर्वहरू जस्तै बैशाख सक्रान्ति, चण्डीपूर्णिमा, अक्षय तृतीया, हरिशयनी एकादशी, श्रावण सक्रान्ति, जनै पूर्णिमा, श्रीकृष्णजन्माष्मी, तीज, दशै, तिहार, हरिबोधनी एकादशी, धान्यपूर्णिमा, १५ पुस, माघेसक्रान्ति, शिवरात्री, फागुपूर्णिमा, चैतेदशै आदि मनाउने धार्मिक व्रतहरू उपासना गर्ने गरेको पाईन्छ ।साथै यस क्षेत्रमा भगवन्नाम सङ्कीर्तनलाई समेत अत्यन्त महत्त्वका साथ सङ्कल्प वा सङ्कल्परहित र खण्ड खण्ड वा अखण्डरूपमा धार्मिक कृत्यका रूपमा राधाकृष्ण भगवानको पूजनसहित

“राधेकृष्ण राधेकृष्ण कृष्ण कृष्ण राधे राधे ।
राधेश्याम राधेश्याम श्याम श्याम राधे राधे । ।”

नामक भगवन्नामलाई महिमामय ढङ्ले गाउने प्रचलन रहेको पाइन्छ ।यस क्षेत्रमा भजन चुड्का पनि अत्यन्त लोकप्रिय रहेको पाइन्छ । विशेषतः कसैको घरमा पूजाआजा गरियो भने वेलुकामा भजनीयाँ टोलिलाई निमन्त्रण गरी, खैजडी, मुजुरा, मादल आदी सामाग्री जोरजाम गरी धार्मिक निष्ठा र श्रद्धा भक्तिपूर्वक भजन चुड्का गाउने प्रचलन पाइन्छ ।यहाँका मगर जातिहरू हिन्दु धर्मका अतिरिक्त आफ्ना कुलदेवतालाई बाजे बंजै भनेर जातीय संस्कार अनुरूप पूजा गर्ने गरेको देखिन्छ ।यो पूजालाई ठूलोपूजा भन्दै आफ्ना इष्टमित्रलाई डाकेर रमाइलो खाने पिउने र नाच्ने गाउने गर्दछन् ।यस क्षेत्रमा मगर जातिको कौरा गायन र नाच अत्यन्त लोकप्रिय रहेको पाइन्छ ।किहुँ गा.वि.स.को वार्ड नं. ५ मा करिब ६५घरधुरीमा मुस्लिम बस्ती छ ।जसलाई मियागाउँ भनेर चिनिन्छ ।मुस्लिमहरू प्रत्येक दिन दिनको पाँच पटक ध्यान गर्ने नमाज पढ्ने गर्दछन् भने शुक्रवार विशेष बढी गर्दछन् ।उनीहरूले मदरसा वरकातिया सञ्चालन गरी अध्ययन अध्यापन गराउँदछन् भने आफूहरूको भेटघाट बोलचालमा इस्लाम भाषाको प्रयोग गर्दछन् ।मुस्लिमहरूले मनाउने ठूला चाडपर्वहरू इद,

वकरइद आदि चाडपर्वहरू यस क्षेत्रमा पनि भव्यताका साथ मनाउँछन् ।यस क्षेत्रका दमाइहरूले बजाउने पञ्चेबाजा पनि यहाँको एक प्रमुख चिनारी हो ।

किहुँ क्षेत्रलाई प्राकृतिक सुन्दरताले मनोरम तुल्याएको छ ।सतिकोट गुफा, लिलिङ्कोट, सतिकोट, घिरिङ किहुँ जोड्ने प्राकृतिक पुल आदि प्राकृतिक महत्त्व वोकेका यस क्षेत्रमा विभिन्न साँस्कृतिक मेला महोत्सवहरूपनि लाग्ने गर्दछ ।जस्तैः तीन तीन वर्षको फरकमा उड्सिभञ्ज्याङमा सतिकोट महोत्सव, प्रत्येक वर्ष बड्हर भञ्ज्याङ्मा कान्छी बजार, दर्काङ्मा प्रत्येक वर्ष चैतेदशैं मेला, दशैंको पूर्णिमामा छिपुङमा छिपुङमेला, प्रत्येक शिवरात्रीमा काउले भञ्ज्याङमा शिवपार्वती मन्दिरमा भजन चुड्का आदि यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै विभिन्न देवी देवताको मन्दिरहरूछन् ।जस्तैः उड्सिङ जलदेवी मन्दिर, दर्काङ भैरव थान, सतिकोट कोट बाराही मन्दिर देउरालीमा देवीको मन्दिर, काउले भञ्ज्याङ्मा शिवपार्वती मन्दिर फालढुङ्गामा सिग्देलको कुल मन्दिर आदि छन् ।

## ४.३ किहुँ क्षेत्रमा कृष्ण चरित्रमा आधारित बालनको परिचय

प्राकृतिक मनोरम दृश्यले सु-सज्जित किहुँ क्षेत्र संस्कार र संस्कृतिको क्षेत्रमा पनि अग्रणी भूमिकामा छ। यस क्षेत्रमा वसोवास गर्ने हिन्दु, मुस्लिम र वौद्ध धर्मावलम्वीहरू आफ्नो धर्म, संस्कार र रीतिरिवाजको संरक्षण र संवर्द्धनमा दत्तचित्त भएर लागेको पाइन्छ ।यहाँका ब्राहमण समुदायका व्यक्तिहरू संस्कारजन्य कर्म (छैठी, पास्नी, व्रतवन्ध) आनुष्ठानिक कर्म (सम्ताह, सत्यनारायणको पूजा रुद्री) र पर्वहरू (माघे संक्रान्ति, पौष १५) जस्ता अवसरमा बालन प्रदर्शन गर्ने गर्दछन् ।

किहुँ क्षेत्रमा रहेको अरुणोदय गा.वि.स.लाई माथिल्लो किहुँ र किहुँ गा.वि.स.लाई तल्लो किहुँ भन्ने गरिन्छ ।दुवै किहुँमा एक-एक वटा बालन समूह छ ।दुवै समूहले श्रीमद्भागवत महापुराणमा वर्णित कृष्णलीलालाई मुख्य आधार बनाएर बालन प्रदर्शन गर्ने गर्दछन् ।माथिल्लो किहुँमा प्रदर्शन हुने बालन करिब वि.सं. २०३० सालतिर देखि प्रदर्शन भइरहेको छ भने तल्लो किहुँमा करिब वि.सं.२००४/५ साल तिर देखि प्रदर्शन हुदै आइरहेको छ ।प्रायः लोपोन्मुख युवापुस्तामाझ हराइसकेको बालन प्रदर्शन परम्परालाई तल्लो किहुँमा वर्तमान समयमा अझ परिष्कृत परिमार्जित र युवापुस्तामाझ पनि अन्त्यन्त लोकप्रिय बनाउँदै लगिएकोले प्रस्तुत शोधपत्रको अध्ययनको केन्द्र मानेर अनुसन्धानलाई अगाडि बढाइएको छ ।

यस क्षेत्रमा देवकी वसुदेवको विवाहदेखि कृष्णजन्म र कृष्णका केही बाललीला अनि अन्त्यमा कंशको अन्त्यसम्मका विषयवस्तुलाई आधार बनाएर कृष्णलीला बालन नाच्दछन् ।यहाँको बालनमा स्थानीय समाज, सभ्यता, रहनसहन, रीतिरिवाज, सँस्कृति तथा परम्परालाई प्रशस्त मात्रामा औंल्याएको पाइन्छ ।यहाँका बालन कलाकारले बालनलाई आफ्नोपनले रङ्ग्याएर प्रस्तुत गर्ने गरेका छन् ।

**४.३.१ प्रदर्शन परम्परा**

यस क्षेत्रमा प्रदर्शन गरिने बालन कहिलेबाट प्रदर्शित भयो यसको तिथिमिति किटान गर्न सकिँदैन तर हालका किहुँ बालन समूहका संयोजक तथा बालनगुरु तुलसी सिग्देलको भनाइलाई आधार मान्दा उहाँकै स्व.पिता अनन्तराज सिग्देलको अगुवाईमा करिब वि.सं. २००४/५ सालतिर नै यहाँ बालन प्रदर्शन गर्ने गरिन्थ्यो ।त्यो समयमा कसैको घरमा पास्नी, छैठी, विवाह, व्रतवन्ध, सत्य नारायण पूजा, रुद्राभिषेक आदि यज्ञादि गरिँदा रातभर धर्मअर्थ, काम र मोक्ष प्राप्तिको उद्देश्यले बालन खेल्ने गरिन्थ्यो ।त्यतिवेला बालन खेल्दा कालिका देवीको पूजा गरी बोकाको बलि समेत दिइन्थ्यो ।त्यतिबेला देखिको बालन प्रदर्शन परम्परा करिब वि.सं. २०४० सम्म अन्त्यन्त लोकप्रियताका साथ चल्यो तर विविध कारणवश वि.सं. २०४० पछि बालन खेल्ने खेलाउने क्रम ठप्प भयो ।प्रदर्शनको परम्परा रोकिएता पनि ब्राह्मण समुदायका अग्रज व्यक्तित्वहरूमा यस क्षेत्रमा बालनको अस्तित्व लोप हुन दिनुहुँदैन भन्ने चेत मन मस्तिस्कमा बसिरहेको थियो, तर पनि यसले मूर्तरूप पाउन सकेको थिएन ।करिब वि.सं. २०६८ सालको सुरुवातबाट नै मानिसहरूको भेटघाट मेलापात आदिका क्रममा बालनको पुनरुत्थानमा लाग्नुपर्ने चिन्तन मनन शुरु हुन थाल्यो ।यस समुदायका ब्राह्मण अग्रज व्यक्तित्वहरूको भेटघाट, छलफल र चिन्तन मननले गति लिन थाल्यो ।फलस्वरूप लोप हुन लागिसकेको बालनको श्रीवृद्धिमा लाग्ने सङ्कल्प सहित भेला हुन आह्वान गरियो ।

मिति २०७०/१०/१ गतेका दिन किहुँ-४ चापाकोट निवासी ओविन्द सिग्देलको घर आँगनमा किहुँका ब्राह्मण समुदायको भेला भई तुलसी सिग्देलको संयोजकत्वमा ११ सदस्य 'किहुँ बालन समूह' समिति गठन गरी लोपोन्मुख बालनको पुनरुत्थान गरी यसको संरक्षण र संवर्द्धन गर्दै यसको प्रस्तुतिलाई सरल, सहज, आकर्षक र लोकप्रिय बनाउने निर्णय गरियो ।पुनर्गठन पश्चात् यस बालन समूहले छोटो समयमै धेरै लोकप्रियता हासिल गरेको

छ ।छैठी, पास्नी, सत्यनारायण पूजा, रुद्री आदि पूजाहरू सकेर बेलुकामा बालन प्रदर्शनको लागि निमन्त्रणा गरिन्छ उक्तसमूहले यस्ता यज्ञादि कर्महरूमा बालन लोकनाटक प्रदर्शन गर्दै आइरहेको छ ।अहिले ३/३ महिनामा बालनलाई परिस्कृत बनाउनको लागि अभ्यास प्रदर्शन पनि गर्ने गर्दछन् ।यस क्षेत्रको बालनको लोकप्रियताकै कारण अन्य बाह्य क्षेत्रमा पनि यसले सफल प्रदर्शन गरिसकेको छ ।मिति २०७१ पौष ११ गते ढोरफिर्दी महोत्सवमा, ०७१- फागुन ७ गते गैडाकोट सिग्देल बन्धुको सप्ताहमा, २०७२ पौष २८ गते सतिकोट महोत्सवमा र०७२- फागुन २४ गने चितवन भरतपुरको हाकिमचोकमा अवस्थित शिवालय र मालिका देवीको मन्दिरमा यस बालनले प्रदर्शन हुने मौका पाएको थियो ।हालमा यो 'किहुँ बालनले समूह' ज्यादै सक्रियताका साथ अगाडि बढिरहेको देखिन्छ ।बालन प्रदर्शनलाई सरल, रोचक, आकर्षक बनाउन समूहका सम्पूर्ण सदस्य जिम्मेवार देखिन्छन् ।

### ४.३.२ बालन प्रस्तुति परिचय

प्रस्तुत किहुँ क्षेत्रमाश्रीमद्भागवत् महापुराण वर्णित कृष्णलीलालाईआधार मानेर देवीकीवसुदेवको विवाह कृष्णजन्म प्रसङ्ग, कृष्णले गरेका केही बाललीलाकोप्रस्तुति र कंशको मृत्युसम्मकोविषयवस्तुलाईबालन लोकनाटकमार्फत प्रस्तुत गरिन्छ ।भगवान् श्रीकृष्णलेसामान्य मनुष्यले गर्न नसक्नेअनौठाअनौठा लीलाहरूगरेकाछन्जुन कुरालाईबालनप्रदर्शनको क्रममा स्थानीय स्तरमा उपलब्ध स्रोत र सामग्रीको उपयोग गरी सङ्केतगर्नेगरिन्छ ।

सवैभन्दा पहिला बालनको समूहलाई जहाँनिम्त्याइएको छ त्यहाँ सबै बालन समूहका कलाकारपुगिसकेपछि बालनलोकनाटकमञ्चनको पूर्वतयारीको कार्यगरिन्छ ।२ जनाको समूहलेआवश्यकता बमोजिम श्रृङ्गार, भेषभूषा र सामाग्रीव्यवस्थापन गर्नेकामगर्दछन् ।मालगीतमा नाच्ने ८ जना बालनेहरू सेतो दौरा सुरुवालर सेतै पटुका बाँधेकाहुन्छन्त्यसपछिती आठजाना एकातीर४ र अर्कोतीर ४ गरी आमने सामने भई नाच्न गाउन तयार हुन्छन् ।दीप प्रज्वलन गरेर बालनको शुभारम्भ गरिन्छ ।त्यसपछि दीप, गणेश कलश, सरस्वती, कालिका मालिकाको पूजा गरीस्थानीय कुल नाग आदि देवीदेवताकोवन्दना गरेरमंगलाचरण गाइन्छ ।त्यसपछि कथानकलाईअगाडि बढाउँदा कहीमालगीतगाइन्छरकहीँ गद्यमा नै भनिन्छ ।बीच बीचमाभजन हुन्छ ।संवादहुन्छ,कथावस्तुअनुसारअभिनय हुन्छ ।बालनकोप्रस्तुतिमा हुने लामा लामा मालगीतहरूभजन खेलीहरूश्लोकहरू सम्पूर्ण

कथानमा समेट्दा कथानक लामो भन्दा र अशोभनीय हुने हुनाले आवश्यक उदाहरण कथानकमा समाविष्ट गरी अन्य बाँकी पछाडी परिशिष्टमा समावेश गरिएको छ ।

### ४.३.३ बालनको कथानक प्रस्तुति

**(सबै बालन कलाकारलाई टीका लगाइन्छ ।)**

बालनका सबै कलाकार रङ्गमञ्चमा उपस्थित भैसकेपछि भजनीयाँहरू आफ्ना सामाग्री लिएर भजन गराउन तयार हुन्छन् ।मालगीतमा नाच्ने आठ भाइ दुवैतिर ४/४ जना आमनेसामने भएर नाच्न गाउन तयार हुन्छन् ।अभिनय कलाकार आ-आफ्नो भूमिकाको लागि तयार हुन्छन् ।

मञ्चमा सानो मन्दिर तयार गरिन्छ, साना बाँसका लिङ्गाहरू वरपर गाडिएको हुन्छ, त्यहाँ वरपर एक बालक हुन्छन्, एकजना पण्डितको आगमन हुन्छ ।पण्डितको निर्देशन बमोजिम ती बालक पूजा गर्न शुरु गर्दछन् ।मन्दिरको अगाडि बत्ती बालिएको हुन्छ ।ॐ नमोस्त्वनन्ताय..... इत्यादि मन्त्रले कर्मसाक्षि दिपको पूजा र ॐ शुभ भवतु ........ इत्यादि मन्त्रले प्रार्थना गराइन्छ ।नजिकै सिद्धिदाता भगवान् गणेशको स्थापना गरिन्छ ।ॐ गणानान्त्वा ........ इत्यादि मन्त्रले गणेशपूजा र ॐ सुमुखश्चैकदन्तश्च ......... इत्यादि मन्त्रले प्रर्थना गरिन्छ ।गणेशलाई रातोफुल, रातैवस्त्र, रातैअक्षता, दुवो, फल, आदिले मन्त्रसहित पूजा गरिन्छ ।यता पूजा गर्दै गर्दा उता गुरुले भट्याउने मालगीतमा नाच्नेहरूले गाउँदै नाँच्दै गर्दछन् :

जस्तै : हो ........... सत्यमंगल मूर्ति गणपति ब्रह्म,

लम्वोदर सिद्धिदाता ।

क्रमशः सरस्वती माताको स्मरण गरिन्छ ।रातोफुल, रातो कपडा, रातै अक्षता, खीर रोटी चढाएर कालिकाको पूजा गरिन्छ ।सेतो फुल अक्षता, फल आदिले मालिकाको पूजा गरिन्छ ।

हो ..... कालिका देवि र मालिका माता,

एकै गलैंचामा बस ।

त्यसपछि जुनस्थानमा बालनको प्रदर्शन गरिन्छ त्यहीँ ठाउँ वरपरका देवी देउराली आदिलाई मालगीतबाट स्मरण गरिन्छ ।मंगलाचरणका मालगीतहरू गाइन्छन् नाचिन्छ पनि ।

वसुदेव, क्षेत्रपालराजा, देवकी, उग्रसेनराजा र सिपाही समेत रङ्गमञ्चमा प्रवेश गर्दछन् ।देवकाले आफु ठूली भएको अनुभूति गर्छिन्, आफ्नो विवाह गरिँदैन बाबालाई भन्न नसकी सिपाहीमार्फत चिठी पठाउँछिन्, चिठीको व्यहोरा यस्तो हुन्छ ।

"राजाका कुलमा जनम हुन गयो विहा नहुनी भयो ।
वृन्दावन मधुमालतीका फुलझैं यौवन त यसै रह्यो ।।
साथैका संगीपनि सबै चलिगए मन रुन्छ मेरो अति ।
कौन मर्द निसाफ गरिदेला को दैव देला पति ।।"

छोरीको चिठी पढिसकेपछि राजा उग्रसेन आफ्नो स्त्रीसँग लौरी मागी लठ्ठी टेक्दै छोरीको विहा नपाजी आउँदिन भनेर हिड्छन् ।उतापट्टी गोकुलका क्षेत्रपालराजा पनि आफ्ना पुत्र वसुदेवलाई योग्य कन्याको खोजीमा त्यतै आउँदै गर्दछन् ।दुवैको भेट हुन्छ, परिचयका साथ छलफल हुन्छ ।

उग्रसेन :प्रणाम हजुर !

क्षेत्रपाल : कस्लाई गऱ्या मलाइकी रुखलाई ?

उग्रसेन : हजुरलाई, म उग्रसेन मथुराको राजा, छोरीलाई योग्य बरको खोजीमा हिडेको ।

क्षेत्रपाल : ढुङ्गा खोज्दा देउता मिल्यो, म पनि मेरो छोरालाई योग्य कन्या खोज्न हिडेको, ल उसो भए बसेर बात गरौं न ।

उग्रसेन : बात त भैसक्यो नि ज्योतिषे बोलाएर हेराउँ अनि जुऱ्यो भने कुरो मिलिहाल्यो ।

क्षेत्रपाल : हुन्छ, बोलाऊँ ।

उग्रसेन : ए जसे ! जा ज्योतिषी बाजेलाई बोला ।

जसे : हस् महाराज ।

ज्योतिषी आउँछन् वरकन्या दुवैको नाम मागेर जुराउँछन् जुर्छ, विवाहको तिथिमिति किटान गर्दछन् ।कामधेनु गाई चन्द्र, सूर्य, वरपिपल सम्झिएर उग्रसेनले वाग्दत्त बोल्दछन् ।मालगीतबाट कथानक अगाडि बढीरहको हुन्छ ।भजन मण्डलीले भजन गाउँछन् ।

खोली : विहा हुन लाग्यो देवका चेलीको

त्यसपछि विवाहको निम्ता भन्ने कम शुरु हुन्छ ।निम्ता भन्नेले ठट्यौली पारामा निम्ताभन्दछन्

लोदेवकाको र वसुदेवको विवाह हुने भो एकपाथी कोदो र एक पाथी गहुँ बोकेर पुरुषजति रत्यौली खेल्न र महिला जति जन्ती जान आउनुहोस् ।

मञ्चको एक छेउबाट वसुदेव जन्ती लिएर आउँछन् ।वसुदेव गैसकेपछिउनको घरमा रत्यौली खेलेको दृश्य पनि देखाइन्छ३ जाना नाच्छन, ३ जना गाउँछन्

रत्यौली:

(एक्का बाजे दो बाजे एउटी बज्यै रे)

जन्ती आइसकेपछि धुमधामकासाथ विवाहको शुरुवात हुन्छ ।पण्डितले आफ्नो पुस्तक पात्र ल्याउन भुलेका हुन्छन् ।पण्डितको पुस्तक पात्र लिन आफ्नो सहयोगी पात्र जसेलाई पठाउँछन् ।ऊ निकै ढिलो गर्दछ, पण्डितले हकार्छन् किन ढिलो आइस् ? जसेले उत्तर दिन्छ :पण्डित वा मत छिट्टै आको बाटोमा दुबोको मुन्टोले अल्झायो, धन्नै लडेर उठेको ।पण्डित वा मलाइ त माकुराको जालोले अल्झायो धन्नै मरिन ।जसेलेसबैलाई हसाउँछ, दुलही आफूलाई नदिए पात्रो दिन्न भन्छ ।पछि पुस्तक दिन्छ पण्डितसँग दुलही मागेर हैरान बनाउँछ ।उग्रसेनले वडो श्रद्धाका साथ छोरी देवकाको गोडा धोएर कन्यादान दिन्छन् ।

हो...... देवकी वसुदेवको विवाह भयो,

सवैमा खुशीयाली छायो ।

विवाह सकिएपछि हाम्रो धार्मिक चलनअनुसार छोड्न जाने भन्ने चलन हुन्छ ।उग्रसेनले छोरी ज्वाँईलाई छोड्न छोरा केशलाई पठाउँछन् ।जुँघा पालेका डरलाग्दा कंश आइपुग्छन् ।देवका सवैसँग विदावादी भएर दाजु कंशको साथमा हिड्न तयार हुन्छिन् साथसाथै भजन हुन्छ ।नाच हुन्छ कंश समेत नाच्छ,

खेली : लाग्यो कंहले .........२

वैनी ज्वाँईलाई रथमा राखी लाग्यो कंशले बैनी ज्वाइलाई अगाडि लगाएर कंश पछाडीहिड्दछ ।पुराणमा जस्तो रथमा व्यवस्था बालनमागरिदैन ।आकाशवाणीहुन्छ ।"हे कंश तँजसलाई छोडन् जादैछस्तेही तेरो बहिनीको आठौ गर्भबाट जन्मेकोबालक तेरो काल हो ..... तेरो काल हो ......।"

मालगीत हुन्छ : हो .............. देवकीको गर्भबाटजन्मेको बालक

आठौ गर्भ कंशतेरो काल ।।

आकाशवाणी सुनेपछि कंश रीसले चुर हुन्छ, त्यसपछि वोट नै समाप्त पारेपछि फल नै नलाग्ने भन्दैबहिनी मर्ने कंशको निश्चय गर्दछ ।त्यसपछि कंशले तरबार झिकेरकाट्न खोज्छ, सोहि समयमा भजन हुन्छ ।

तरवार घुमायो ...............२

बहिनी काट्न कंशासुरले तरवार घुमायो ।

भरखरै विवाह गरेर ल्याएकी श्रीमती देवकालाई आफ्नै दाजुले काट्न लागेकोदेखेरवसुदेव विन्ती गर्दछन् ।

स्वास्नी मानिस मार्नुछैन महाराज कस्तै परेतापनि ।
उस्माभ्फन बहिनी नमार अहिलेपापी हुनेछौ तिमी ॥
कस्तो हर्ष थियो नयाँ दुलही लिई धन सम्पति बक्सियो ।
जाउला घरमा र शोख गऊँलाभन्ने इरादा थियो ॥
आठौ गर्भ समर्पण गरी दिनेछु धन्दा किन ?
वाचा सत्य भयो कबोल अहिले पर्दैन शंका लिन ॥

वसुदेवको अनुनय विनय पश्चात् कंशले बहिनी ज्वाइँलाई जेल लगेरराख्न सिपाईहरूलाईनिर्देशनगर्दछ ।बालनमावाँसले बार बारेरजेलको जस्तो सङ्केतगरिन्छ ।

हो ...............हातमा हतकडी पाउँमा नेल
वैनी ज्वाईलाई पठायो जेल ।।

बहिनी ज्वाईलाई छोरा कंले जेल राखेको थाहा पाएपछि राजाउग्रसेनलेछोराकंशलाई सम्भ्फाउँछन् ।कंशले उल्टै बाबुलाई थर्काएरजेल हाल्न सिपाहीलाई आग्रह गर्दछ ।बाबुलाईजेल पठाएर कंशले राजगद्दीमा बसेर श्रीसेचलगाएर आफैलाई राजा घोषणा गर्दछ ।

देवकी र वसुदेव जेलमा हुन्छन् त्यसै समयमा पहिलोबच्चा जन्मेको देखाइन्छ ।द्वारपालले कंशलाईखबर गर्दछ, कंश आउँछरबालक हेर्न माग्दछ :

हो ..... खै वैनी देवका तिम्रो वाला हेरौ,
काखैमा लिएर वसौ ।।

कंशले मागेपछिदेवकाले दिन्छिन् ।कंशले बच्चा काखमाराख्छ,अहो यति राम्रोवालक यसलाई किन मार्ने ? मेरो शत्रु त आठौ गर्भ हो भनेर त्यहीँछोडेर फर्कन खोज्छत्यहीसमयमा नारदमुनि नारायणनारायणभन्दैत्यहीँ आइपुग्छन्रकंशलाईसोध्छन् कंशलेसवैकुरा बताइसकेपछिनारदले कंशलाईसंभ्फाउँछन् छोड्न हुदैनपहिलो गर्भ पनि आठौ हुन सक्छआठौ गर्भपनि आठौ हुनसक्छतसर्थयोबच्चा मार्नैपर्छ ।नारदको सल्लाह बमोजिमकंशले त्यो बच्चा मार्दछ ।बालनमा यो दृश्य देखाइन्छ ।

दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैठौसम्मका गर्भ कंशले मारेको भनिन्छ ।बालनमा प्रस्तुति देखाइँदैन ।मालगीतबाटै कथानक अगाडि बढिरहेको हुन्छ ।सातौं गर्भ देवताको सभावसी रोहिणीमा सारे भनिन्छ भने कंशलाई तुह्यो भनिन्छ ।

हो...... देवकीको गर्भ भिकी रोहिणीमा सारे,

मायाले मोहित पारे ।।

त्यसपछि आठौं गर्भको प्रसङ्ग आउँछ देवकी सुन्दरी भएको देखाइन्छ ।भाद्र महिनाको कृष्ण पक्ष अष्टमी तिथी रोहिणी नक्षत्रको मध्यरातमा भगवानको जन्म भयो भनेर मालगीतमा गाइन्छ ।

हो ...... भाद्र मासको अष्टमी तिथी,

बेला थियो आधीरात ।।

हो...... चतुर्भुज कृष्णले अवतार लिए,

बाउआमालाई दर्शन दिए ।।

कृष्ण जन्मेर उनकै निर्देशनबमोजिम वसुदेवले टोकरीमा राखेर गोकुल लगेको प्रसङ्गबालनमा देखाइन्छ ।सबै कथानकलाई बालनमा देखाउन नमिल्ने भएकाले कतिपय कथानक मालगीतबाटै अगाडि बढाइन्छ भने कतिपय कथानकलाई मुखैले गद्यमा भनिन्छ ।हत्कडी फुक्छ, ढोका खुल्छन्, यमुना घट्छिन् ।

हो ..... ढोका आफै खुले पाले निदाए

नदी तर्न यमुनामा पुगे ।

गोकुलमा यशोदालाई प्रसुतिले च्यापेको हुन्छ ।नन्दबाबाले सुडेनी खोजेर ल्याउँछन् ।सुडेनीले दर्शकलाई हसाउँछन् :

ल....... बच्चाको टाउको त साह्रो छ अनि पेट त साह्रै गिलो छ ।लहै बच्चा त उठेर हिड्ला जस्तो गरेको छ बाटो खाली गरम है.. ।बालनमा रातो धागो काटेर बच्चाको सालनाल काटेको अभिनय पनि गरिन्छ ।

यशोदा वेहोस भएकै अवस्थामा वसुदेवले कृष्णलाई साटेर मायाकी देवी लिएर फर्कन्छन् जेल र नेल द्वारपाल पूर्ववत् भएको भनिन्छ ।बच्चा रुन थाल्छिन् सिपाहीहरू कंशलाई खवर गर्छन कंश पनि मेरो शत्रु जन्मेछ त्यसलाई मार्छु भनेर आत्तिदै त्यहाँ आयो र देवकाको विन्ती नसुनी यो त मेरो काल हो यसलाई जसरी पनि मार्नुपर्छ भनेर बालिकाको खुट्टामा समातेर पछार्न खोज्छ ।बालिका उडेर आकाशमा पुग्छिन् र भविष्यवाणी गर्छिन् ......

हो....... तँ पाजी कंशले के गर्लास् र मलाई,

तँलाई मार्ने गोकुलमा पुगे ।।

बालनमा बालिका खेलौनाको बनाएर प्रस्तुत गरिन्छ ।

त्यसपछि कंश आत्तिन्छ र दैत्यहरू एकजुट गरी सवैभन्दा पहिला पुतनालाई ६ महिना मुनिका सबै बच्चा विषयुक्त दुध पिलाएर मार्न लगाइन्छ ।अरु बच्चा मारेको प्रसङ्ग आउँछ ।यशोदा पानी लिन गएको वेलामा कृष्णलाई मार्न राम्री स्त्री बनेर काखमा लिएर दुध खुवाउँदा कृष्णले कुरा बुझेर पुतनाको प्राण लिएको प्रसङ्ग पनि बालनमा देखाइन्छ :

मालगीत, हो .......... प्राणै गयो पुतनाको रुख ढले सरी,

गोकुलवासी हेरे छक्क परी ।।

खोली : कृष्ण सानै पो थिए ठूली पूतना मार्दिए ।

कृष्णलाई सातो गयो भनेर ब्रह्मलोकबाट ब्रह्माजीलाई बोलाएर सातो फुकाइन्छ ।त्यसपछि सातो बोलाएर मात्र भएन भनेर भोटे लामा ल्याएर हल्लाइन्छ ।भोटे लामाले निकै रमाइलोप्रहसन गर्दछन् :

यतिवेला लामाले तत्कालिन सामाजिक र राष्ट्रिय परिवेश माथि व्यङ्ग गरेर हँसाउँछन् ।

जस्तै : १) यो बच्चालाई ६०१ सांसद लागेछन्

२) यो बच्चालाई मधेशी दल लागेछन्

३) के के गर्छु भन्ने माखो नमार्ने सांसदको नजर परेछ, त्यो सांसदलाइनै कालीरहमा लगेर डुबाएमा बच्चालाई ठीकहुन्छ,आदि ।

त्यसपछि कृष्ण बलरामको न्वारनको प्रसङ्ग आउँछ, न्वारन गर्न गर्ग ऋषिलाई बोलाइन्छ, ऋषिद्वारा २ बालकको नामाकरण गरिन्छ कृष्ण र बालराम ।

उता पुतनाको प्रयासबाट कृष्ण नमरेपछि कंश छटपटाउँछ, उसले पुनः कृष्णलाई मार्नको लागि अघासुर, धेनुकासुर, बकासुर आदि दैत्यलाई पठाउँछ ।ती सबै दैत्यलाई कृष्णले मारेको कुरा मालगीतबाट व्यक्त गरिन्छ ।

हो...... बकासुर धेनुकासुर अघासुर मारे,

सबै दैत्य सखाप पारे ।।

कृष्णले गरेका बाललीलाहरू केही देखाइन्छ जस्तै : यशोदाले दही मन्थन गरेको, कृष्णले ठेकी नै ढलाएको आदि ।

त्यस्तै कृष्णले माटो खाएको र यशोदाले ढिकरीमा बाँधेर राख्दा ढिकरी नै उक्काएर त्यहाबाट नल र कुँवर निस्केको प्रसङ्ग पनि देखाइन्छ ।कृष्णले गोपिनीका घर घर गएर दही चोरेर खाएको प्रसङ्ग अनि कृष्ण गोठालो गएको प्रसङ्ग पनि प्रस्तुत गरिन्छ ।

गोवर्द्धन पूजाको प्रसङ्ग आउँछ

गोकुलवासी सवैले इन्द्रको पूजा गर्न लागेका हुन्छन् ।कृष्णले इन्द्रको पूजा गर्ने होइन बरु यो गोवर्द्धन पर्वतको पूजा गर्नुपर्दछ ।हामीलाई पालनपोषण गर्ने, घाँस दाउरा आदि दिने गोवर्द्धन पर्वत हो भन्दछन् ।कृष्णले प्रकृतिको पूजा गर्न उत्प्रेरित गर्दछन् ।उता इन्द्र रिसाएर पानी वर्साएर गोकुल डुवाउँछु भन्दछन् र पानी पार्दछन् कृष्णले गोवर्द्धन पर्वत नै उठाएर गोकुलवासीको रक्षा गर्दछन् ।बालनमा ठूलो सुपो उठाएर गोकुलवासीको रक्षा गरेको देखाइन्छ ।

कृष्णलाई मार्ने कंशका धेरै योजना विफल भएपछि कंशले धनुर्यजको आयोजना गर्दछ र त्यस धनुर्यजमा कृष्ण वलरामलाई लिनको लागि अरुलाई पठाउँदा आउँदैनन् भनेर कृष्णका काका अक्रुर जसले कंशको दरबारमा जागिर गर्थे उनैलाई पठाइन्छ ।अक्रुरले गोकुल पुगेर कंशको धनुर्यज्ञको निमन्त्रणा सुनाउँछन् ।गोकुलवासी सवैले कृष्णलाई रोक्ने प्रयास गर्दछन् तर कृष्णले सवैलाई संझाएर कृष्ण बलराम अक्रुरजीको साथमा मथुरातिर लाग्छन् ।बाटोमा कुविजा र मालिनीसँग भेट हुन्छ ।उनीहरूले कृष्ण बलरामलाई चन्दन र माला लगाइदिन्छन् ।कुविजा तीन ठाउँमा बाङ्गिएकी हुन्छिन् ।उनलाई कृष्णले सोझ्याएर परम सुन्दरी बनाइदिन्छन् ।उक्त प्रसङ्ग पनि बालनमा देखाइन्छ, यसै समय भजन हुन्छ ।

श्याम् सुन्दर भगवान् कृष्ण वलराम ।
जान हुन्न मथुरामा चर्को लाग्छ घाम ।।

कृष्ण बलराम अक्रुरजीको साथमा कंशको दरबारमा पुग्दछन् ।त्यहाँ कृष्ण बलरामसँग युद्ध गर्नको लागि चाणुर र मुस्टिकलाई तयारीका साथ राखिएको हुन्छ ।चाणुर र मुस्टिक र कृष्ण बलरामको बीचमा युद्ध हुन्छ ।कृष्ण वलरामलेदुवैदैत्यलाईमारिदिन्छन् ।त्यसपछि कृष्णले कंशलाई कपालमा समातेरभूमिमा पछारेरमारिदिन्छन् ।कृष्ण रबलरामकोजयजयकार हुन्छ ।कृष्ण र वलराम साथमा गोलेनीहरूको नाँच हुन्छ ।

हे कृष्ण तिम्ले कंश मार्‍यौ र पो के चाल हुन्थ्यो नत्र ।
कृष्णजीको मुरलीले हरिलग्यो मन ।

भनन भन राधा प्यारी कृष्ण कहाँ छन् ।।

चञ्चल भयो मन ..... २

लैजाउ कृष्ण वृन्दावन, चञ्चल भयो मन ।

कंशको बध भइसकेपछि जेलका आमा बाबुलाई जेलबाट निकाल्छन् । उग्रसेनलाई पनि जेलमुक्त गरी राजा बनाउँछन् ।

यसरी कंशको वध भैसकेपछि आरति गरिन्छ र शास्त्रीय देवि देवताहरूको स्मरण गर्दै आशीर्वाद दिइन्छ ।

हो...... पाथी भरि रुपियाँ, तोला जोख्ने सुन,

दातालाई ईश्वरले दिउन ।।

हो...... बाँस झैँ नुघे काँस झै फुले,

दाता रहे चिरञ्जीवी ।।

हो .... हाँसी हाँसी विदा त देऊ न लक्ष्मी

हामी जान्छौँ आफ्नो घर ॥

यसरी आशीर्वाद दिएर बालन नृत्य समाप्त गरिन्छ ।

### ४.३.४ पात्र विधान र भेषभूषा

यस क्षेत्रमा प्रदर्शन गरिने बालनमा ३०/३२ जना पात्रको आवश्यकता पर्दछ ।मालगीतमा नाच्ने नर्तकहरू नेपाली राष्ट्रिय पोशाक (दौरा, सुरवाल, कोट वा आस्कोट र ढाकाटोपी) लगाउँछन् ।पुरुष पात्र नै नर्तकी स्त्रीको भेष (साडी, ब्लाउज, मुजेत्रो, चुरा, पोते आदि) भूषा लगाउँछन् ।कृष्णले पिताम्बर बस्त्र र शिरमा मुकुट लगाउँछन् र हातमा मुरली लिन्छन् ।बलरामले पिताम्बर बस्त्र र मुकुट लगाउँछन् ।उग्रसेन र क्षेत्रपाल सेतो कपडा र सेतै दारी लगाउँछन् ।कंशले प्राचीन राजकीय पोशाक र कालो कपाल कालै जुँगा लगाउँछन् ।अन्य पात्रहरूले आवश्यकता र आफ्नो भूमिका अनुसारको मुखडा चोपा, दौरा धोती, मुकुट आदि भेषभूषाको प्रयोग गरिन्छ ।रक्षक पात्र प्रहरी वा सैनिकको भेषभूषामा अभिनय गर्दछन् ।

### ४.३.५ दृश्य विधान

दृश्य परिवर्तनका लागि कुनै पर्दा आदिको प्रयोग गरिदैन ।पात्रहरूको आगमन, गमन तथा प्रसङ्गको परिवर्तनबाट दृश्य परिवर्तनको ज्ञात हुन्छ ।प्रत्येक दृश्यको बालनगीतमा पहिले नृत्य हुन्छ ।अनि विधि/अभिनय गरिन्छ ।दीप प्रज्वलन देखि कंशवध सम्म यस क्षेत्रमा प्रस्तुत हुने दृश्य हो ।

**४.३.५.१ पहिलो दृश्य**

दीप प्रज्वलन गरेर बालनको शुभारम्भ गरिन्छ ।त्यसपछि दीप, कलश, गणेश, सरस्वती, कालिका र मालिकाको पूजा गरी स्थानीय देवी देवताको वन्दनाका साथ मंगलाचरण गरिन्छ ।

**४.३.५.२ दोस्रो दृश्य**

देवकीलाई वर खोज्न उग्रसेन राजा जान्छन् ।वसुदेवलाई कन्या खोज्न क्षेत्रपाल राजा आउँछन् ।ती दुवैको जम्काभेट हुन्छ ।केही बेर छलफल हुन्छ त्यसपछि विवाहको निर्णय गरिन्छ ।

**४.३.५.३ तेस्रो दृश्य**

वसुदेव देवकीको विवाह हुन्छ ।देवकीको विदाइको लागि कंश तयार हुन्छ ।देवकीको आठौं गर्भबाट जन्म भएको बालकद्वारा कंशको मृत्यु हुने आकाशवाणी हुन्छ ।कंशले देवकीलाई काट्न खोज्छ ।वसुदेवले धेरै अनुनय विनय गर्दछन् कंश मान्दैन ।वसुदेवले जव बच्चा जन्मन्छ त्यसपछि कंशलाई नै दिने प्रण गर्दछन् त्यसपछि कंशले देवकी वसुदेवलाई कारागारमा राखिदिन्छ ।

**४.३.५.४ चौथो दृश्य**

देवकीको पहिलो छोरा मारेको देखाइन्छ ।अन्य दोस्रो देखि सातौँ गर्भका सन्तान कंशले मारेको प्रसङ्ग गीतबाटै जानकारी गराइन्छ ।देवकीको आठौँ गर्भमा भगवान् कृष्णको जन्म हुन्छ ।कृष्णकै निर्देशन बमोजिम कृष्णलाई गोकुलमा पुऱ्याइ साटेर कन्यालाई ल्याएर राखिन्छ, दूतद्वारा कंशलाई जानकारी गराइन्छ ।कंश हातमा तरवार लिएर जान्छ ।कंश

अचम्म पर्छ ।वालक भनेको त वालिका रहेछ यसैलाई भए पनि मार्नुपर्छ भनेर मार्न खोज्दा वालिका आकाशमा पुग्छिन ।कंशको काल गोकुल पुगेको आकाशवाणी हुन्छ ।

### ४.३.५.५ पाँचौ दृश्य

कृष्णलाई मार्ने हेतुले पुतना गोकुलगएर धेरै बालक मार्छे, अब यसको पालो आयो भनेर कृष्णलाई काखमा लिएर दुध खुवाउन लाग्दछे ।यसको त्यही मृत्यु हुन्छ ।यशोदाले कृष्णको सातो गयो भनी फुकफाक गराउँछिन् ।

### ४.३.५.६ छैठौं दृश्य

कंशले धनुर्यज्ञ गर्न लागेकोले कृष्ण बलरामलाई निम्तो दिन अक्रुरजीलाई पठाउँछन् ।कंशका बारेमा कुराकानी चल्दछ ।गोपिनीहरूले कंशकहाँ नजान आग्रह गर्दछन् तर सबैलाई सम्झाई बुझाई कृष्ण र बलराम मथुरातिर लाग्छन् ।

### ४.३.५.७सातौ दृश्य

कंशका दरबारमा कृष्ण बलराम पुग्दछन् त्यहाँ कंशलगायत ठूलो जनसमूदायको उपस्थिति हुन्छ ।चाणुर र मुस्टिक जस्ता बलवानहरू युद्धको तयारीमा हुन्छन् ।कृष्ण बलरामले चाणुर र मुस्टिक लगाएत दैत्यहरूको वध गर्दै अन्त्यमा कंशको पनि सर्वनाश गरिदिन्छन् ।त्यसपछि कृष्णले जेलमा रहेका आफ्ना आमा (देवकी) र बाबु (वसुदेव)लाई जेलमुक्त गरी उग्रसेनलाई पुनः राजगद्धी दिलाउँछन् ।

### ४.३.६ भाषा संवाद

नेपाली भाषामा बालनको प्रस्तुति गरिन्छ ।बालनगीत नेपाली भाषाको प्रयोग गरिन्छ भने संवादका क्रममा छोटा सरल वोलचालीको भाषा प्रयोग गरिन्छ ।कुनै कथावस्तुलाई गद्यमा पनि अगाडि बढाइन्छ, गीतमा भने लयात्मक संवाद हुन्छ ।

### ४.३.७मञ्च अभिनय

बालन लोकमञ्चमा प्रस्तुत गरिन्छ ।आहार्य आंगिक र वाचिक तीन प्रकारको अभिनयका सहयोगले प्रदर्शन गरिन्छ ।

### ४.३.८ सङ्गीत

लोक सङ्गीतको प्रयोग गरिन्छ ।यस क्षेत्रमा मादल, खैजडी, मुजुरा, झ्याली र हार्मोनियम बजाइन्छ ।

### ४.३.९ उद्देश्य

यस क्षेत्रमा प्रस्तुत गरिने प्रस्तुत गरिने बालनको उद्देश्य संस्कार संस्कृतिको जगेर्ना गर्नुका साथै धार्मिक तथा नैतिक ज्ञान दिनु र मनोरञ्जन प्रदान गर्नु हो ।

## उपसंहार

भगवान् श्रीकृष्ण बाललीलामा आधारित बालनको देवकी वसुदेव विवाहदेखि कृष्णजन्म हुदै कृष्णले मथुरा र गोकुलमा गरेका प्रमुख बाललीलालाई नृत्य तथा अभिनयका साथ प्रस्तुत गर्दछ ।पहिलेदेखिछैठी, पास्नी, वूतवन्ध, रुद्री, सत्यनारायण पूजा आदिमा यस क्षेत्रको बालन प्रस्तुत गरिन्थ्यो तर अहिले यसका अतिरिक्त मेला, महोत्सव र सभामा पनि प्रदर्शन गरिन्छ ।कृष्णलीलामा आधारित बालनलाई पाल्पाको रामपुरमा धर्मोदय दशावतार बालन समूहले दशावतार बालनको प्रस्तुत गर्ने क्रममा पनि प्रस्तुत गर्दछ त्यस्तै तनहुँकै भिमादमा पनि हाल प्रदर्शन भैरहेको छ ।

## परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

यस अनुसन्धान पत्रमा किहुँ क्षेत्रमा प्रचलित कृष्णचरित्रमा आधारित बालन लोकनाटककोसङ्कलन र अध्ययन गरिएको छ । यस शोधकार्यलाई पाँच वटा परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेदमा शोध विषयको परिचय, किहुँ क्षेत्रमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको अध्ययन शीर्षक छनौट, शोधपत्रको मुख्य समस्याहरु के-के हुन् ? र त्यसका समाधान गर्ने उद्देश्यहरु चर्चा गरिएको छ । यस समयभन्दा पहिले बालन लोकनाटकको क्षेत्रमा क-कसले खोज अनुसन्धान गरे त्यसको निरुपण पूर्वकार्यको समीक्षामा व्यक्त गरिएको छ । सामाग्री सङ्कलन क्षेत्र कार्यबाट गरिएको जानकारी र अध्ययन पत्रको पाँच परिच्छेदको संरचनामा विभाजन गरी अध्ययन गरिएको तथ्य पनि पहिलो परिच्छेदमा समावेश गरिएको छ ।

दोस्रो परिच्छेदमा लोकसाहित्य अन्तर्गत लोकनाटकको सैद्धान्तिक परिचय गराइएको छ । लोकसाहित्य मौखिक तथा श्रुतिपरम्परामा अनादिकालदेखि चल्दै आएको अलिखित साहित्य हो जसको उत्पत्ति लोक समाजमै हुने गर्दछ । लोकसाहित्य अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा पर्दछन् । लोकनाटक भनेको "लोक जीवनका विभिन्न तत्वहरु झल्कने खालको कथावस्तु भएको परम्पराबाट चल्दै आएको लोकमान्यतालाई समर्थन र विकृतिमाथि व्यङ्ग्य प्रहार गरी गीत, नृत्य र अभिनयका साथ लोकमञ्चमा प्रस्तुत गरिने खेल हो । लोकनाटकको उत्पत्ति वेद हो । लोकनाटकको प्रदर्शन पौराणिक कालदेखि डबली परम्परा हुँदै हालसम्म अनवरत चलिरहेको छ । कथानक, पात्र, उद्देश्य, संवाद, संगीत, लोकमञ्च आदि लोकनाटकका तत्वहरु हुन् ।

तेस्रो परिच्छेदमा बालनको सैद्धान्तिक परिचयको चर्चा गरिएको छ । 'बाल' शब्दमा 'अन्' प्रत्यय लागेर बालन शब्दको निर्माण हुन्छ । हिन्दु धर्मका प्रमुख ग्रन्थ रामायण, महाभारत, श्रीमद्भागवत आदिलाई आधार बनाएर गीत, कविता, नृत्य र अभिनयका साथ धार्मिक उद्देश्यले परम्परागत रूपमा खेलिँदै आएको एक प्रकारको खेल अथवा नाचलाई बालन भनिन्छ । ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त प्रयासबाट बालनको उत्पत्ति गरी प्रचारप्रसार व्यासले गराएका हुन् । बालनको पहिलो प्रदर्शन भगवान् श्रीकृष्णलाई खोज्ने क्रममा गोपिनीहरुले पुलिन नदीको किनारमा गरेको कृष्णलीलालाई मानिन्छ । नान्दी,

आशिका, आनुष्ठानिकता, पुरुषपात्रको प्रयोग र अनौपचारिक लोकमञ्चको प्रयोग बालनको विशेषता हो । बालनमा छन्द अलङ्कार र रसको पनि प्रयोग पाइन्छ ।

चौथो परिच्छेदमा किहुँ क्षेत्रमा प्रस्तुत गरिने कृष्णचरित्रमा आधारित बालनको अध्ययन गरिएको छ । यस क्षेत्रमा प्रदर्शन हुने बालन श्रीमद्भागवतको विषयलाई आधार लिई देवकी वसुदेव विवाह, कृष्ण जन्म, कृष्ण बाललीला र कंशवध सम्मको घटनावलीलाई स्थानीय रङ्गले रङ्गाएर बालन लोकनाटक प्रस्तुत गरिन्छ । मङ्गलाचरणबाट प्रारम्भ हुने बालन मालगीतबाटै कथानकलाई अगाडि बढाइन्छ बेला बेलामा भजनियाँहरू भजन गाउँछन् । लीलाहरूको प्रस्तुतिले वातावरणलाई आकर्षित तुल्याउँछ । बालनेहरूको अभिनय पूर्ण नृत्य, भजनेहरूको लीलावर्णन सहितको भजन र मनोरञ्जनले समय वितेको पत्तै हुँदैन । देवी देवताहरूको प्रार्थना, बीचबीचमा प्रश्नोत्तर, भजन चुड्का गर्दै मनोरञ्जनात्मक रूपमा कथानक अगाडि बढ्छ । जोकरेहरू ठट्यौली कुराहरू गरेर दर्शकलाई भरपूर मनोरञ्जन प्रदान गर्दछन् । बालनको अन्त्यमा आरती गरिन्छ, फेरी शास्त्रीय र लौकिक देवी देवताहरूको स्मरण गरिन्छ, र घरमूलीलाई आशीर्वाद दिएर बालन नृत्य समाप्त गरिन्छ ।

पाँचौं परिच्छेदमा सम्पूर्ण शोधपत्रको सारांश, निचोड र भावी अनुसन्धानका शीर्षकहरु समेत चर्चा गरिएको छ ।

## ५.२ निष्कर्ष

लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधा लोकनाटक हो ।लोकनाटकको रचयिता सर्वसाधरण लोक नै हो ।यो कुनै व्यापारिक प्रयोजनका लागि नभई लोकरञ्जनको लागि यसको प्रस्तुति गरिन्छ ।लोकजीवनले पर्व तथा उत्सवका क्रमा जीवनका हाँसो आँसु बह-विलौना जस्ता अनुभव तथा भोगाइलाई आ-आफ्नै तौरतरिकाले व्यक्त गर्दछ ।लोकनाटक गीत, संगीत र नृत्यको त्रिवेणी हो ।लोकनाटकले परम्पराबाट चल्दै आएका लोक मान्यतालाई समर्थन र विकृतिमाथि व्यङ्ग प्रहार गर्नुका साथै जनमानसलाई उपदेश र मनोरञ्जन प्रदान गर्ने कार्य पनि गर्दछ ।

नेपाली सर्वसाधरण लोकले आफ्ना ब्रत, पर्व, संस्कार आदि कार्य सम्पादन गर्न र प्रर्याप्त मनोरञ्जन, विलास, शिक्षा एवं उपदेशका लागि लोकनाटक खेल्ने चलन प्राचीन कालदेखि नै शुरु भएको पाइन्छ ।यस क्रममा लोकनाटक अन्तर्गत सोरठी, घाटु, मारुनी आदि पर्दछन् ।

लोकसाहित्यको लोकनाटक अन्तर्गत पर्ने बालनलाईबालुन पनि भनेको पाइन्छ ।नृत्य, अभिनय र लयात्मक संवादका साथ पुरुषहरूद्वारा प्रस्तुत गरिने बालनको प्रदर्शन कुने धार्मिक अनुष्ठान, गृहप्रवेश वा संस्कारको अवसर पारी शुक्ल पक्षको रात्रिमा गरिन्थ्यो तर हाल आएर यसको स्वरूप वदलिएकोछ ।धार्मिक अनुष्ठान, गृहप्रवेश वा संस्कारको अतिरिक्त आजभोलि मेला महोत्सव र सभा समारोहमा पनि प्रदर्शन गर्न थालिएको छ ।

खारिएका पाका पुस्ताको अनुभव र नेतृत्व, युवा पुस्ताको अत्यधिक सहभागिता, सरल भाषाशैली र रोचक प्रस्तुति यस क्षेत्रको बालनको मुख्य विशेषता हो । बालनको प्रदर्शनको माध्यमबाटलोकसमाजले आध्यात्मिक अभीष्टप्राप्तिकाअतिरिक्तविविधसन्देश सात्विक मनोरञ्जन र सांस्कृतिक धरोहरलाई अक्षुण्ण राखेका छन् ।किहुँ क्षेत्रमा प्रदर्शन हुने बालनपनि माथि लेखिएको वाक्यलाई वहन गर्दछ ।साथै यस क्षेत्रको बालनले युवापुस्ताहरूलाईसंलग्नगराई वर्तमान परिवेशसँग जुध्न सक्ने गराउन सकेमा राष्ट्रियनाटकहरूसंग प्रतिष्पर्धात्मकतुल्याएर आधुनिक सञ्चार र प्रविधिको प्रयोग गरी समयानुकुल गराउन सकेमा समृद्ध नाट्यशाला बन्नसक्छ ।

यस क्षेत्रको बालन लोकनाटकले आध्यात्मिक चेतनालाई, सम्प्रेषण गरीलोकसमानका इतिहास, संस्कृति परम्परा, धार्मिक आस्थअदिलाई वहन गर्न सक्ने देखिएको कारण यसको संरक्षण र संवर्द्धनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका निम्तिसुझाव र सम्भाव्य क्षेत्रहरू

भगवानकोअन्तरको चरित्रलीलाप्रस्तुत गरेर बालन नाटकले आर्यसभ्यताकाअनुयायी नेपालीहरूको संस्कृतिलाईजीवन्त राखेको छ ।आध्यात्मिक जीवन शैलीको प्रयोग, पूर्वजहरूको सम्मान,वर्तमान समाजलाई नैतिक शिक्षा दिनु,लोकपरम्राप्रतिको विश्वासजस्ता सांस्कृतिक मूल्य पनि सशक्त रूपमा रहेको पाइन्छ ।नेपाली समाज, जातीय सभ्यता रहन-सहन धार्मिक विश्वास रीतिरिवाजआदिको यथार्थ बिम्बबालनमा भेटिन्छ । समाजशास्त्रीय मूल्य र मान्यताका दृष्टिले पनि महत्त्वपूर्ण, पठनीय र दर्शनीय छ ।

भावी अनुसन्धानका लागि लोकसाहित्य व्यापक समृद्ध भएपनि यस क्षेत्रमा अध्ययन र अनुसन्धान सीमित मात्रामा भएको छ ।तसर्थ यस विधामा अनुसन्धान र अध्ययन गर्न निकै अप्ठेरो छ ।यस किहुँ क्षेत्रमा भेटिएका केही अनुसन्धान योग्य विधाको जानकारी यहाँ दिन खोजिएको छ ।जुनभावी अनुसन्धानका निम्ति उपयोगी हुनेछ

१. किहुँमाखेलाइने र अन्य क्षेत्रमा खेलाइने कृष्णचरित्रमा आधारित बालनको तुलनात्मक अध्ययन

२. किहुँ क्षेत्रमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको समाजशास्त्रीय अध्ययन

३. किहुँ क्षेत्रमा प्रचलित कृष्णचरित्रमा आधारित बालनको काव्यशास्त्रीय अध्ययन

४. किहुँ क्षेत्रमा प्रचलित गाउँखाने कथाहरूको अध्ययन विश्लेषण

# सन्दर्भ सूची


आचार्य, कृष्णप्रसाद (२०६३), **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपालीनिबन्ध**, काठमाडौ : क्षितिज प्रकाशन ।

उपाध्याय, कृष्णदेव (१९७१ ई.), **लोकसाहित्यकी भूमिका,** इलाहावाद : इलाहावाद साहित्य भवन ।

उपाध्याय, केशवप्रसाद (२०५६), **नाटकको अध्ययन,** काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, गोविन्दशरण (२०६०), **नेपाली लोकनाटक बालनको अध्ययन** (शोधपत्र पृ.ना.क्या पोखरा ।

उप्रेती, कुन्दनलाल (१९८०), **लोकसाहित्यकोप्रतिमान** (प्र.प्र.)अलीगद : भारत प्रकाशन मन्दिर ।

कन्दङ्वा, काजीमान (२०४०), **नेपाली जनसाहित्य,** मोरङ्ग : अंगुर मैया कन्दङ्वा ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसाहित्य,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

तमोट, काशीनाथ (२०३२), **नेपाली संस्कृतिमा डवलीको स्थान नेपाली संस्कृति संगोष्ठी** सं तुलसी दिवस ने. रा.प्र.प्र. ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ : पा.वि.केन्द्र त्रि. वि. ।

थापा, हिमांसु (२०३५), **नेपाली लोकनाट्य परम्परा**, तुलसी दिवस सं. २०३५ मा सङ्कलित पृ. ६७ - ७४ ।

दिवस, तुलसी (२०३४), **नेपाली लोक संस्कृति संगोष्ठी,** काठमाडौँ : ने रा. प्र. प्र. ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतिलाल (२०२८), **नेपाली लोकवार्ता समाजद्वारा आयोजित अन्तराष्ट्रिय फोकलर**, काङ्ग्रेसमा प्रस्तुत अनुसन्धानपत्र ।

बन्धु, चुडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स ।

लम्साल, कृष्णप्रसाद (२०५१), **तनहुँ जिल्लामा प्रचलित घाँटु लोकनाटकको सङ्कलन एवं विश्लेषण** (२०५१), स्नातकोत्तर शोधपत्र ।

शर्मा, गोपीकृष्ण (२०५६), **संस्कृत साहित्यको रूपरेखा,** काठमाडौँ : अभिनव प्रकाशन ।

शर्मा, बसन्तकुमार (२०५८), **नेपाली शब्दसागर**, (दोस्रो संस्करण), काठमाडौँ : भाषा पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

शाह, सुवि (२०४५), **बालन गाथाको झलक,** काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, ईश्वरी (२०५९), **नेपाली लोक संस्कृतिको इतिहासमा बालन लोकनाटकको संक्षिप्त अध्ययन,** पृथ्वीनारायण क्याम्पस ।

## परिशिष्ट - १

## बालनको मूलपाठ

(क) मंगलाचरण (श्री गणेशाय नम : ) मालगीतहरू

१. हो.................. सत्यमंगलमूर्ति गणपति ब्रह्म,

लम्बोदर सिद्धिदाता ।।

२. हो.................. गणपति, रवि, देवि, शिव, गोविन्द,

दण्डवत छ प्रधान देव ।।

३. हो.................. ब्रह्मा, विष्णु, महेश्वर भगवति माता,

दण्डवत सृष्टिका दाता ।।

४. हो.................... सरस्वती सावित्री बुद्धिकी दाता,

हृदय कण्ठमा बस ।।

५. हो.................... कालिका देवी र मालिका माता,

एकै गलैंचामा बस ।।

६. हो..................... यहाँ भूमि स्वामी तिमी रक्षा गर,

हामी खेल्दौँ कृष्ण लीला ।।

७. हो..................... उत्तरका कुवेर पश्चिमका बरुण,

सबै मिली हाम्रो राक्षा गर ।।

८. हो.................... कोटकी देवीले तिमी रक्षा गर,

हामी खेल्छौँ कृष्णका लीला ।।

९. हो..................... भूमि भएर कुलदेव रक्षा गर,

हामी खेल्छौँ कृष्णका लीला ।।

१० हो.................... तेत्तिस कोटी देवताले हाम्रो रक्षा गर,

हामी खेख्छौँ कृष्णका लीला ।।

११. हो.................. थानीमाई र थानीदेवले हाम्रो रक्षा गर,

हामी खेख्छौँ कृष्णका लीला ।।

१२. हो.................. यो कृष्ण चरित्र गाउनी र सुन्नी,

सबैलाई वैकुण्ठ वास ।।

**(ख) कथानक मालगीतहरू**

१. हो........... भूमिको भार सहन नसकी,

पृथ्वी गौरूप भइन् ।।

२. हो........... गौरूप पृथ्वी वैकुण्ठ गइन्,

भूमिको हाल बताइन् ।।

३. हो............ पूर्व जनमको कवोल हाम्रो,

मधुरामा जन्म लिन आउँला ।।

४. हो........... पूर्व जनमका दशरथ राजा,

गोकुलमा वसुदेव भए ।।

५. हो............ पूर्व जनमकी कौशल्या माता,

मथुरामा देवका भइन् ।।

६. हो ............ देवक राजाकी देवकी कन्या,

उग्रसेन पालन गरे ।।

७. हो............. उग्रसेनले राजाकी देवकी चेली,

साहै नै रूपकी थिइन् ।।

८. हो............. उग्रसेनले राजाकी देवकी चेली,

त्यहाँ भइन् जमढल ।।

९ हो.............. दहेली अटाइन मझेरी सुहाइन,

जानुस बाबा वर खोजी ल्याउन ।।

१०. हो ............. लेऊ रानी लेऊ रानी गौमुखे लड्डी,

देवकालाई वर खोज्न जान्छु ।।

११. हो.............. देवका चेलीले बचन लाइन,

नपाँजी आवैन घर ।।

१२. हो.............. यादव कुलका क्षत्रपाल राजा,

गोकुलमा प्रतापी थिए ।।

१३. हो.............. क्षत्रपाल राजाका वसुदेव चेला,

विद्यामा निपूर्ण थिए ।।

१४. हो.............. क्षेत्रपाल राजाका वसुदेव चेला,

त्यहाँ थिए समरथ ।।

१५. हो............. उग्रसेन क्षेत्रपालको भैगयो भेट,

त्यहाँ भयो भेला बात ।।

१६. हो............. उग्रसेन राजाले वाग्दत्त बोल्दा,

साक्षी थिए चन्द्र र सूर्य ।।

१७. हो............. उग्रसेन राजाले वाग्दत्त बोल्दा,

साक्षी थिइन् कामधेनु ।।

१८. हो............ उग्रसेन राजाले वागदत्त बोल्दा,

साक्षी थिए बर र पिपल ।।

१९. हो............ ज्योतिषिले पात्रो हेरी लगन लेखे,

उसैदिन निम्ता पठाए ।।

२०. हो............ सुक्र उदाउँदो बृहस्पति धाउदो,

देवकालाई सिन्दुर पुऱ्याउँदो ।।

२१. हो............ छत्तीस षड्रस छपन्न व्यञ्जन,

साग र तरकारी बने ॥

२२. हो............ हजारमुरी चामलको भात भिमसेनले सके,

भान्छेलाई दुई चोइली राखे ।।

२३. हो............ देवकी र वसुदेवको विवाह भयो,

सबैलाई खुशीयाली छायो ।।

२४. हो........... यज्ञ साङ्ग भएपछि अन्माइ दिए,

कंसासुरलाई पुऱ्याउन लाए ।।

२५. हो........... बैनीलाई रथमा राखी पुऱ्याउन जाँदा

वाटोमा आकाशवाणी भयो ।।

२६. हो........... देवकीको गर्भवाट जन्मेको बालक,

आठौं गर्भ कंश तेरो काल ।।

२७. हो........... कंशले रथरोकी वैनीलाई झाऱ्यो,

चुल्ठो समाइ मार्छु भनी आँट्यो ।।

२८. हो........... वसुदेव कंशको शरणमा परे,

सबै गर्भ दिने कवोल गरे ।।

२९. हो............ बहिनीको हामीदेखि जति गर्भ होलान्,

सबै गर्भ बुझाइ दिउँला ।।

३०. हो............. हातमा हत्कडी पाउमा नेल,

वैनी ज्वाँईलाई पठायो जेल ।।

३१. हो............. वसुदेवको वचन सुनी कंशले सोच्यो,

बैनी ज्वाँईलाई जेलमा राख्यो ।।

३२. हो............ बैनी ज्वाईलाई जेलहाली कंश दरबार गयो,

उग्रसेनलाई सबै थाहा भयो ।।

३३. हो............ हे बाबु बैनी ज्वाँईलाई थुन्न हुन्न जेलमा

पठाइदेऊ आफ्नै घर ।।

३४. हो............ बाबाका कुरासुनी कंश रिसायो,

चाणुर मुस्टिक दैत्य बोलायो ।।

३५. हो............ हातमा हत्कडी पाउमा नेल,

बाबुलाई नी पठायो जेल ।।

३६. हो .......... उग्रसेनलाई जेलहाली दैत्य वीर आए,

सिरपेच कंशलाई लाए ।।

३७. हो........... आँफै कंश राजा भइ राज्य चलायो,

दैत्यदल बलियो बनायो ।।

३८. हो........... कारागारमा देवकीको पैल्हो गर्भ जन्म्यो,

कंशले मार्छु भनी आयो ।।

३९. हो............ पैल्हो गर्भ यो बालक त मेरो शत्रु हैन्,

आठौं गर्भ मैले छोड्नी छैन ।।

४०. हो........... बालक छोडी फर्कदा नारदमुनि आए,

सबै बालक मार्न लगाए ।।

४१. हो........... छैठौं गर्भ सम्मका सबै बालक मारे,

सातौं गर्भ रोहिनीमा सारे ।।

४२. हो........... मथुराकी देवका गोकुल तर्फ लागिन्

पुगिन यमुनाको तीर ।।

४३. हो........... पारी त यशोदा कपडा धुन्थिन्,

वारी त देवका रुन्थिन ।।

४४. हो.......... काखी काखी जलतरी यशोदा आइन्,

किन रुन्छ्यौ भनेर सोधिन् ।।

४५. हो.......... कसकी हौ तिमी छोरी बुहारी?

कसकी हौ तिमी नारी ।।

४६. हो.......... क्षेत्रपाल राजाकी बहुबुहारी,

उग्रसेन राजाकी चेली ।।

४७. हो......... दिदी र बहिनी भैगयो भेट,

अङ्कमाल गरिहाले रुन ।।

४८ हो.......... कामधेनु रूपगरी बैकुण्ठ जाऊ,

भूमिको हाल बताऊ ।।

४९. हो......... गौरूप पृथ्वी बैकुण्ठ गइन्

नम्र निवेदन गरिन् ।।

५०. हो......... तेत्तीसकोटी देवताले सभा जुटाए,

देवकीको गर्भ लिन आए ।।

५१. हो......... देवकिको गर्भ झिकी रोहिणीमा सारे,

मायाले मोहित पारे ।।

५२. हो ............... भाद्र मासकी अष्टमी तिथी,

बेला थियो आधि रात ।।

५३. हो .............. कृष्ण पक्ष थियो रोहिणी नक्षत्र,

आठौं गर्भ जन्म भयो ।।

५४. हो .......... शंख चक्र गदा, पद्म धारण गरेका,

श्री कृष्णको अवतार भयो

५५. हो ................ चतुर्भुज कृष्णले अवतार लिए,

बाउआमालाई दर्शन दिय ।।

५६. हो................शङ्ख चक्र गदा पद्म धारण गरेका,

वसुदेवलाई गोकुल पठाए ॥

५७.हो ...................गोकुलमा यशोदालाई जन्मेकी छन् छोरी,

मलाइ लगी साटेर ल्याउनु॥

५८. हो........................चतुर्भुज कृष्णजी बालक सरी भए,

टोकरीमा लिएर गए॥

५९. हो .........................ढोका आफै खुले पाले निदाए,

नदी तर्न यमुना पुगे॥

६०. हो ...........................नदी तर्न बासुदेब बीचमा पुग्दा,

यमुना जी उर्लेर आइन् ॥

६१. हो ...............................यमुनाले कृष्णको पाउस्पर्श गरिन्,

दर्शन पाई बाटो देखाइन् ॥

६२. हो...................................प्रसुतिले यशोदा बेहोस थिइन्

बालक साटी देवकिलाइ ल्याए ॥

६३. हो..............................आज हाम्रो गोकुलमा पाहुना आए

मधुरामा जन्मेरल्याए ॥

६४. हो..............................कन्यालाई ल्याएर देवकीलाई दिए

हत्कडि पहिले सरि भए॥

६५. हो .................................मायाकी देवी साह्रै रुन थालिन

ब्युँझे सबै दैत्य वीर ॥

६६. हो ...................................सोही घडी दैत्य दूत राजमहल पुगे

कंश लाइ खवर दिए ॥

६७ हो....................................खबर पाइ कंशासुर दौडेर आयो

बालक मार्न कारागारमा गयो॥

६८ हो.................................खै बैनि देबका तिम्रो बाला हेरौं

काख मा लिएर वसौं ॥

६९ हो....................................कन्या जन्मिन मलाई त हे मेरा दाजै

धर्मपुत्रि पालन देऊ ॥

७० हो ....................................वालिकाको पाउ समाइ पछार्छुभन्दा
फुस्केर आकाशमा पुगिन ॥

७१ हो .................................तँ पाजी के मार्लास् र मलाइ
तँलाइ मार्ने गोकुलमा पुगे॥

७२ हो............................पूतनाले सुन्दरी भइ स्तनपान गराइ
विस खुवाइ सबै बालक मारी॥

७३ हो .......................कनैयाले पूतनाको कुरो वुझिहाले
दुध चुस्दा प्राणै लिए ॥

७४ हो ..........................प्राणै गयो पुतनाको रुख ढले सरी
गोकलवासी हेरे छक्क परी ॥

७५ हो............................ ठूलो शब्द सुनेर गोकुलबासी आए
गर्गजीलाइ सातो फुक्न लाए॥

७६ हो .............................. ब्रह्माको लोकबाट ब्रह्माजी आए
कनैयाको सातो बोलाए ॥

७७ हो ................................ यज्ञको सर्जाम रोहिणीले गर्छिन्
दुवैको न्वारन गर्छन्॥

७८ हो ................................. वालकको न्वारन गर्न गर्ग मुनि आए
वलराम र वसुदेव राखे ॥

७९ हो ................................. यशोदा माइले दही मन्थन गर्थिन्
फोर्दिए कृष्णले ठेकी ॥

८० हो ....................................... यशोदा रिसाएर ढिकरीमा बाँधिन्
ढलाए यमलार्जुन रुख॥

८१ हो ............................ रुख ढल्दा नल कुँवर मानिस भई निक्ले
श्रीकृष्णको प्रार्थना गरे ॥

८२ हो .......................... कृष्णजी गोपिनीको घर घर गए,
औसर पारी दही चोरी खाए ॥

८३ हो ........................... यशोदालाई गोपनीले चुक्ली लगाए,
कन्हैयाले दही चोरी खाए ॥

८४ हो ........................... बकासुर, धेनुकासुर, वत्सासुर मारे, Ish

सबै दैत्य सखाप पारे ॥

८५ हो ........................... वृषभानु राजाकी ती राधा चेली

रूपले सुन्दरी थिइन् ॥

८६ हो ........................... राधाको घरमा कृष्णजी गए,

देखेर मोहित भए ॥

८७ हो ............................ गोठको छेउमा बसी बाँसुरी बजाए,

गोपिनी मोहित भए ॥

८८ हो .............................. गोठको छेउमा बसी वासुरी बजाए,

गोपिनी मोहित भए ॥

८९ हो ............................ कृष्णले थाहा पाए वस्त्र लुकाइदिए,

गोपिनीले नमस्कार गरे ॥

९० हो ............................ कृष्णले सूर्यलाई प्रणाम गर्न भने,

गोपिनीले नमस्कार गरे ॥

९१ हो ........................... कृष्णले इन्द्रको पूजा रोकाए,

गोवर्द्धन पूजा गराए ॥

९२ हो ......................... कृष्णले गोबर्द्धनको पूजा गराए,

इन्द्रजी सार्‍है रिसाए ॥

९३ हो ............................ गोकुल डुवाउँ भनी चारै मेघ खोले,

मुसलधारे पानी बर्साए ॥

९४ हो ......................... कृष्णले गोवर्द्धन पर्वत उठाए,

इन्द्रको घमण्ड तोडे ॥

९५ हो ........................ सात कोषको पर्वत सात वर्षे बाला,

सातै दिन सातै रात ॥

९६ हो ........................ इन्द्रको घमण्ड सामाप्ति भयो,

सम्हाले आफ्नो मेध ॥

९७ हो ........................ कंशले कृष्ण मार्न धनुर्यज्ञ गर्‍यो,

अक्रुरजीलाई लिन पठायो ॥

९८ हो ........................ अक्रुरजी कृष्ण लिन नन्द घर गए,

दुवै भाइलाई रथमा राखी ल्याए ॥

९९ हो ........................ कुविजा मालिनीले चन्दनमाला ल्याए,

लगाए चन्दन र माला ॥

१०० हो ....................... कंशको द्वारमा हात्ती माउत्ते थिए,

कृष्ण र बलरामले मारे ॥

१०१ हो ........................ धनुर्यज्ञ रक्षा गर्ने जति पाले थिए,

बलराम र कृष्णले मारे ॥

१०२ हो ........................ सिंहासनमा कंश थियो घिसार्दै झारे,

पापको बोध गराए ॥

१०३ हो ......................... कपालमा समातेर लछार्न लागे,

कंशको प्राण खिची लिए ॥

१०४ हो ........................ यसै ठाउँमा कंशको प्राण गै गयो,

पापी कंश मोक्ष भयो ॥

१०५ हो ....................... कंशासुर मरेपछि पुष्पवृष्टि भयो,

श्रीकृष्णको जयकार भयो ॥

१०६ हो ........................ मामा कंश मारी भको भार उतारी

उग्रसेनलाई दिलाए राज ॥

१०७ हो ....................... माता र पितालाई बन्धनमुक्त गरी,

निकाले कारगार देखि ॥

१०८ हो ..................... गल्ती र कमजोरी माफ गर्नु होला,

हामी खेल्यौँ कृष्णका लीला ॥

१०९ हो ...................... हजुरको द्वारमा खेलन आयौँ,

फुल लाइदेऊ माथ भरी ॥

११० हो ........................ यो कृष्ण चरित्र सुन्ने र हेर्ने,

सबैलाई नमस्कार गर्छौं ॥

**(ग) दातालाई आशीर्वाद**

१ हो ........................... पाथी भरी रूपैयाँ तौला जोख्ने सुन,

दातालाई ईश्वरले दिऊन ॥

२ हो .......................... दाताले दियौ दान शिर चढाउँला,

तिम्रो नाम देश फिराउँला ॥

३ हो ......................... वाँस झैँ नुघे काँस झैँ फुले,

दाता रहे चिरञ्जीवी ॥

४ हो .......................... अन्न र फलफुल प्रशस्तै भओस्,

दातालाई ईश्वरले दिऊन् ॥

**(घ) विदा माग्ने चलन**

१. हो ......... हाँसो हाँसी विदा त देऊ न लक्ष्मी,

हामी जान्छौँ आफ्नो घर ॥

२. हो ........ हजुरका निम्तामा खेलन आयौँ,

हामी जान्छौँ आफ्नो घर ॥

खेली (बालन लोकनाटकको बीचबीचमा प्रयोग हुने भजनहरू)

१. विहा हुन लाग्यो देवका चेलीको ...........२

२. लग्यो कंशले .......२

वैनी ज्वाँईलाई रथमा राखी लग्यो कंशले ।

३. तरवार घुमायो .............२

वैनी काट्न कंशासुरले तरवार घुमायो ।

४. कंशासुर हे जेठान वैनी नकाट ।

झुटो कुरा कहिल्यै पनि हुन्न म बाट ।।

५. वैनी नकाट जेठान ..........२

आठौँ गर्भ दिउँला तिम्लाई वैनी नकाट ।

६. औतार लिनुभो ...............२

आफै हरि प्रभुले औतार लिनुभो ।

७. जन्म हुन गो ............२

मथुराको कारागारमा श्री हरिको जन्म हुन गो ।

८. कृष्ण जन्म भो आधिरातैमा ।

शङ्ख, चक्र, गदा, पद्म चारै हातैमा ।।

९. पुतना पठायो पहिलो दूत कंशले ।

१०. बेटा हो की बेटी हो मार दुनियाँ ।

११. कृष्ण सानै पो थिए ठूली पुतना मार्दिए

१२. उत्सब मनाए गोकुलबासी सबैले

१३. दहि र नौनीले छ्यापछ्याप गरे, नन्द घरमा गएर उत्सब मनाए ।

१४. कृष्णजीको मुरलीले हरि लग्यो मन, भनन भन राधा प्यारी कृष्ण कहाँ छन् ।

१५. दहि चोर्ने हाँडी फोर्ने कृष्ण काले चोर, कति राम्रो कति मीठो मुरलीको स्वर ।

१६. कहाँ बज्यो मुरलीको राधा सुन राधा स्वर, वृन्दावनमा मुरली बज्या घनघोर ।

१७. हे राधा तिम्रो रास मण्डलमा शोधा बढाइदिउँला ।

१८. हे कृष्ण भो भो नलाउ मोहनी माया फर्काइदिउँला ।

१९. चन्चल भयो भन चन्चल भयो भन, लैजाउ कृष्ण वृन्दाबन चन्चल भयो मन ।

२०. फुत्त निस्की कृष्ण जी बाटो लागेका, मोहित हुँदै गोपिनी पछि लागेका ।

२१. दाइँ हाली खेले मथुरामा कृष्णले ।

२२. लाग्यो गोलेनी मुरलीले मोहनी ।

२३. राधा बर श्रीकुञ्ज विहारी, मुरलीधर गोवर्द्धन धारी

२४. श्याम सुन्दर भगवान् कृष्ण बलराम ।

जान हुन्न मथुरामा चर्को लाग्छ घाम ।

२५. आज देखेँ सपना कंशासुरको काल ।

बुढी पनि तरुणी के हो यस्तो चाल ।

२६. कंशासुरको दरबारभित्र कृष्ण सवारी,

हात्ती माउते दूबै मरे लौन मुरारी ।

२७.मार्‍यौ अत्याचारी बालकृष्ण मुरारी ।

२८.हे कृष्ण तिम्ले कंश मार्‍यौ र पो

के चाल हुन्थ्यो नत्र ।

## परिशिष्ट -२

## मालिका पूजा

किहुँ क्षेत्रमा कृष्ण चरित्रमा आधारित बालन प्रदर्शन हुँदै आइरहेको छ ।जसरी देउसी भैलो, फागु आदि खेलेर बनभोज खाने चलन छ त्यसरी नै वर्षा लागे पछि सबैजना एकजुट भएर खेत अथवा चौतारामा भेला भई कालिका र मालिकाको बोकाको बलि र खीर रोटीले पूजा गर्दछन् ।उक्त पूजा गर्दा एक जनाले कालिका र मालिकाले पूजा गर्ने अर सबैले मालगीतहरू गाउँदै घुम्दै नाच्ने प्रचलन छ ।यो कार्यक्रमपछि वर्षा बालन खेल्दैनन्। उक्त कार्यक्रममा गाइने मालगीतहरु निम्नानुसार छन् :

१: हो.. कालिका देवी र मालिका माता, एकै गलैचामा बस।

हो....कहाँ हो तिम्रोजन्म भूमि,

कहाँ हो तिम्रो गाउँ नी मालिकै।

हो....गहतेपूर जन्मभूमि हाम्रो

पाटउत्तिनपूर गाउँ हो मालिकै ।

हो...दुवै पाते विरुवा,

लिङगे विङगे हाँगा छन् मालिकै।

हो... सुरविरे डाली छन्

खिरविर पातछन् मालिकै।

हो..नाम्लेछ फेद जोर चाहियो,

धेर वञ्चरा चाहियो काट्नलाई फेद नी मालिकै।

हो... काटेम नी फेद ढालेम है रुख,

ताछेम रुख बनाएम द्वार है मालिकै ।

हो... रूपैको ठेलो रूपैको संघार,

सिसौको आउलो गजवार बनायौं मालिकै ।

हो...चारैपट्टी ढोका किरमिरे झ्याल

झिलमिलि पारी मन्दिर मालिकै ।

हो...चाँदीको ताल्चा सुनको चापी

घुरुक्क उघारी हेर्नुहोस् मालिकै ।

हो.... प्रार्थना गरौमाताको हामी,

के दिन्छिन वर नी मालिकै ।
हो... अपुत्रलाई पुत्र पुत्री,
निर्धनीलाई धन है मालिकै ।
हो... गाइ भैसी नहुनीलाई,
गाई भैसीको वर है मालिकै ।
हो... क्षत्रीहरूलाई शक्ति र
ताडपत्रे खड्ग है मालिकै ।
हो... अल्पायुलाई दीर्घायुको वर नी मालिकै ।
हो... मालिकाको थानमा जादा,
के के सर्जाम चाहिन्छ नी मालिकै ।
हो... अर्घहरू र गङगा जल,
फुल फल चाहिन्छ नी मालिकै ।
हो ...... नङले उघारेका अक्षता र
श्रीखण्ड चन्दन चाहिन्छ नी मालिकै ।
हो........ गाइको गहुँत र गोबर,
दुध दही र घिऊ चाहिन्छ मालिकै ।
हो ......... सङ्कल्प गर्न जौ तिल,
कुसहरू चाहियो नी मालिकै ।
हो ......... जातजातका धेरै थरी,
फलफुलहरू चाहियो नी मालिकै ।
हो .......... मालिका मातालाई सेतो अक्षता,
सेतै फूल सेतै बस्त्र चाहियो नी मालिकै ।
हो ....... सालका र बाँसका लिङ्गाहरू
आप पिपलका पात फुल तोरण चाहियो नी मालिकै ।
हो ........ धरै थरी खीर रोटी र
मालपुवाहरू चाहियो नी मालिकै ।
हो .......... धुप दीप नेवेद्य निमित्त,
दुध घिउ वाती दियो र वत्ती चाहियो मालिकै ।

हो ......... कालिका देवीलाई बली निमित्त,

चोखो पाठो चाहियो नी मालिकै ।

हो ......... कालिका देवी र

मालिका माताको पूजा गरी सकी मालिकै ।

हो ........ धुप दीप नैवेध गरी

आरती भयो नी मालिकै ।

हो ........ पूजा आजा गरी निरञ्जन सकी

विसर्जन गरियो नी मालिकै ।

हो ........... टिकापाती फूल लगाइ

विसर्जन गरियो नी मालिकै ।

हो .......... कालिका देवी र मालिका मातालाई

नमस्कार गरी विदावादी गरियो नी मालिकै ।

## परिशिष्ट ३

## पात्रहरुको नाम

यस क्षेत्रमा बालनलाई मूर्तरूप दिन तुलसी लिग्देलको संयोजकत्वमा ११ सदस्य गठन गरियो उक्त समितिले बालनलाई नाटकीय प्रस्तुति गर्नको लागि तपशिलका पात्रहरूलाई भूमिका दिइएकोछ :

१. गुरुको भूमिकामा तुलसी सिग्देल

२. आकाशवाणी भूमिकामा नीलकण्ठ सिग्देल

३. क्षेत्रपाल राजा र पूतनाको भूमिकामा डिल्लीराज सिग्देल

४. उग्रसेन राजाको भूमिकामा विश्वामित्र सिग्देल

५. कंशको भूमिकामा ओविन्द्र सिग्देल

६. वसुदेवको भूमिकामा सोमराज सिग्देल

७. देवकाको भूमिकामा महेन्द्र सिग्देल

८. गोलेनीको भूमिकामा अर्जुन लम्साल

९. ज्योतिषीको भूमिकामा यमकान्त सिग्देल

१०. पण्डित गर्गमुनिको भूमिकामा युवराज सिग्देल

११. नारदमुनिको भूमिकामा परशुराम सिग्देल

१२. यशोदाको भूमिकामा पदमराज वाग्ले

१३. श्रृङगार तर्फ दामोदर सिग्देल

१४. सुडेनी, लामा भूमिकामा टिकानिधि सिग्देल

१५. भिमसेनको भूमिकामा डोलराज सिग्देल

१६. सिपाहीको भूमिकामा ओमकार सिग्देल, शशाङ्क सिग्देल, जीवन सिग्देल, सञ्जय सिग्देल

१७. जसेको भूमिकामा सुजन सिग्देल

१८. कुविजाको भूमिकामा तुलसी सिग्देल

१९. बलरामको भूमिकामा सागर सिग्देल

२०. कृष्णको भूमिकामा विजय सिग्देल

२१. पोशाक तर्फ विष्णु प्रसाद सिग्देल

मालनाचतर्फ तपशीलको पात्रहरूको व्यवस्थापन गरिएको छ :

१. दिपेन्द्र सिग्देल

२. वोधराज सिग्देल

३. दयानिधि सिग्देल

४. दिपक सिग्देल

५. नारायणदत्त सिग्देल

६. नारायण प्रसाद सिग्देल

७. दिनेश सिग्देल

८. वुद्धिसागर सिग्देल

९. रामभक्त लम्साल

१०. नरेन्द्र लम्साल

११. अर्जुन लम्साल

भजनमण्डली तर्फ तपशील वमोजिमको पात्रहरू व्यवस्थापन गरिएको छ:

१.तुलसी सिग्देल

२. नीलकण्ठ सिग्देल

३. परशुराम सिग्देल

४. तीर्थ सिग्देल

५. केशव सिग्देल

६. भविलाल उपाध्याय

७. दिनेश सिग्देल

८. वुद्धिसागर सिग्देल

९.रामभक्त लम्साल

१०.नरेन्द्र लम्साल

११. अर्जुन लम्साल

भजनमण्डली तर्फ तपसिल बमोजिको पात्रहरू व्यवस्थापन गरिएको छ ।

१. तुलसी सिग्देल

२. नीलकण्ठ सिग्देल

३.परशुराम सिग्देल

४.तीर्थ सिग्देल

५.केशव सिग्देल

६. भविलाल उपाध्याय